म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक २२६ | बिहीबार, १९ चैत २०८२ | ने. सं. ११४६ चौलाथ्व | 2 April 2026 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडा-८ मा महिलामैत्री पार्क बन्ने

हेटौंडा, १८ चैत/हेटौंडा-८ स्थित चिल्ड्रेन पार्क क्षेत्र अब महिलामैत्री पार्कको रुपमा रुपान्तरण हुँदैछ । ११ कठ्ठा क्षेत्रफलमा फैलिने यो पार्क केवल घुमफिर गर्ने ठाउँमात्र होइन, महिलाका लागि स्वतन्त्रता, सहजता र सहभागिताको साझाचौतारी बन्ने लक्ष्य राखिएको छ । नगरप्रमुख मीनाकुमारी लामाले शिलान्यास गर्दै यो पहललाई औपचारिक सुरुवात गरिन् । करीब ३ करोड ५ लाख रुपैयाँ लागतमा निर्माण हुने यो परियोजना २०८३ असोजसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

लगानी संरचनामा हेटौंडा उपमहानगरपालिकाको ३० प्रतिशत र संयुक्त राष्ट्रसंघीय परियोजना सेवा कार्यालय (युएनओपिएस) को ७० प्रतिशत योगदान रहनेछ । वडाध्यक्ष रामकृष्ण थापाका अनुसार, यो पार्क महिलाको लागि केवल विश्रामस्थल होइन, बरु सामुदायिक भेटघाट, सशक्तिकरण र आत्मीय संवादको जीवित प्लेटफर्म बन्नेछ । यहाँ मनोरञ्जनका साथै सुरक्षित वातावरणमा आफ्ना विचार र अनुभव साट्ने खुला आकाश पनि हुनेछ ।

### मकवानपुरमा परीक्षार्थी घट्यो, एकमहिनाभित्र नतिजा सार्वजनिक गर्ने योजना

# आजदेखि एसईई परीक्षा सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/ माध्यमिक शिक्षा परीक्षा (एसईई) आज बिहीबारदेखि सुरु हुँदैछ । बिहान आठ बजेदेखि सुरु हने परीक्षा ११ बजेसम्म चल्ने छ ।

पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा हुनेछ । त्यसैगरी चैत २० गते अनिवार्य नेपाली विषय, गैरनेपाली विद्यार्थीका लागि अंग्रेजी (इलेक्टिभ इङलिस) को परीक्षा हुनेछ । चैत २२ गते अनिवार्य गणित र चैत २३ गते अनिवार्य विज्ञान तथा प्रविधि एवं संस्कृततर्फ शुक्लयजुर्वेद सामवेद, अथर्ववेद, नीतिशास्त्र लगायत विषयको परीक्षा हुनेछ । २४ गते अनिवार्य सामाजिक, २५ गते ऐच्छिक प्रथम, २६ गते ऐच्छिक द्वितीयको परीक्षा सञ्चालन हुनेछ ।




एसईई परीक्षामा मकवानपुर जिल्लाबाट यसवर्ष ७ हजार १९२ परीक्षार्थी सहभागी हुने भएका छन् । गतवर्षको तुलनामा यसवर्ष परीक्षार्थी संख्या घटेको देखिएको छ । अघिल्लो वर्ष जिल्लाबाट ७ हजार ४५६ विद्यार्थी एसईईमा सहभागी भएका थिए । मकवानपुरस्थित १ सय ५ वटा सामुदायिक तथा ३७ वटा संस्थागत विद्यालयका छात्रछात्रा यसवर्षको एसईई परीक्षामा सहभागी हुन लागेको जानकारी दिँदै शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख सुदीप गिरीले अधिकांश विद्यालयले योग्यता परीक्षामै कम विद्यार्थी सहभागी गराउनाले संख्या कमी हुँदै आएको बताए ।

शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरकाअनुसार नियमिततर्फ ५ हजार ५२७ र ग्रेडवृद्धितर्फ १ हजार ६५ जना गरी कुल ७ हजार १९२ परीक्षार्थीले परीक्षा दिने तयारी गरेका छन् । त्यसैगरी एसईईको लागि जिल्लामा २८ केन्द्र तोकिएको शिक्षा विकास तथा समन्वय इकाईले जनाएको छ । यसवर्ष मकवानपुरमा बागमती गाउँपालिकाअन्तर्गत जनता मावि फापरबारी, बकैया गाउँपालिका अन्तर्गत बुद्ध मावि हात्तीसुँडे र महेन्द्र मावि छतिवन, थाहा नगरपालिकाको जनकल्याण मावि पालुङ, मत्स्यनारायण मावि सोल्टु तथा बज्रबाराही माविमा परीक्षा केन्द्र तोकिएको छ ।

त्यस्तै महेन्द्र मावि भीमफेदी, सरस्वती बालबोधीनी मावि मार्खु, राष्ट्रिय रोटरी मावि मनहरी, महेन्द्रकिरण माध्यमिक विद्यालय ज्यामिरे मनहरी, महेन्द्रकिरण माध्यमिक विद्यालय हेटौंडा-३ बसामाडी, निर्मल माध्यमिक विद्यालय बस्तिपुर, वंशगोपाल माध्यमिक विद्यालय चौघडा, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय हेटौंडा-४, ज्ञानदा मावि हेटौंडा-१०, बालज्योति माध्यमिक विद्यालय हेटौंडा-५ पिप्ले, सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२, भुटनदेवी मावि हेटौंडा-४, जि एस निकेतन हेटौंडा-५, सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी हेटौंडा-१०, प्रगति मावि हेटौंडा-९, जनप्रिय मावि हेटौंडा-१६, अमर मावि हेटौंडा-१, श्रमिक मावि हेटौंडा-४, चन्द्रोदय मावि हेटौंडा-८ परीक्षा केन्द्र तोकिएको छ ।

प्रजाजागृति मावि राक्सिराङ र कैलाश गाउँपालिका-९ नामटारमा रहेको कालिका मावि गरी २८ परीक्षा केन्द्र निर्धारण गरेको छ । श्रमिकमा मकवानपुरका प्रविधिक धारमा पढाइ हुने विद्यालयको मात्र परीक्षा केन्द्र निर्धारण गरिएको छ ।

**एक महिनाभित्र नतिजा सार्वजनिक गर्ने योजना**

शैक्षिक क्यालेन्डर अनुसार चैत पहिलो साता परीक्षा हुनुपर्ने हो । तर, फागुन २१ गतेको प्रतिनिधिसभा चुनावको कारण चैत्र १९ गते धकेलिएको हो । राष्ट्रिय परीक्षा बोर्डकाअनुसार परीक्षाको सबै तयारी पूरा भएको छ । परीक्षा सञ्चालन हुनुअघि शिक्षामन्त्री सस्मित पोखरेल सहित प्रदेश र जिल्लाका सम्बन्धित अधिकारीको भर्चुअल बैठक बसेको थियो । एसईई परीक्षा नियन्त्रक टुकराज अधिकारीका अनुसार प्रश्नपत्र र उत्तरपुस्तिका केन्द्रमा पुगिसकेको छ । केन्द्राध्यक्ष नियुक्त भएर सम्बन्धित केन्द्रमा पुगेका छन् । परीक्षा सञ्चालनका लागि कर्मचारी र सुरक्षाकर्मीको टोली पनि खटिने छ ।

यसवर्षको एसईई परीक्षा सञ्चालन गर्न १ हजार ९६६ केन्द्र कायम गरिएको छ । एउटा केन्द्र जापानमा छ । परीक्षा बिहान ८ बजेदेखि सुरु हुनेछ । यसवर्ष ५ लाख १२ हजार ४ सय २१ विद्यार्थी एसईईमा सहभागी हुँदैछन् । बोर्डका अनुसार २ लाख ५७ हजार ६ सय १३ छात्रा, २ लाख ५४ हजार ८ सय १ छात्र र ७ जना अन्य छन् । जापानको एभरेस्ट स्कुलबाट २३ जना विद्यार्थीले एसईई परीक्षा दिँदैछन् । एसईईलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सञ्चालन गर्नका लागि बोर्डले सबैलाई आग्रह गरेको छ । बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई) को उत्तरपुस्तिका परीक्षण सम्बन्धित परीक्षा केन्द्रबाटै गर्ने भएको छ ।

एक महिनाभित्र नतिजा सार्वजनिक गर्ने योजनाअनुसार परीक्षा जहाँ भएको हो, त्यहीँबाट उत्तर पुस्तिका परीक्षण गर्न लागिएको हो । शिक्षा विज्ञान तथा प्रविधिमन्त्रीमा पोखरेल नियुक्त भएपछि एसईईको नतिजा एक महिनाभित्र सार्वजनिक गर्न निर्देशन दिएका हुन् । 'नतिजा एक महिनामा सार्वजनिक गर्न मन्त्रालयको निर्देशन छ । त्यसका लागि परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका परीक्षण केन्द्र कायम गरी उत्तर पुस्तिका परीक्षण गर्ने निर्णय भएको छ,' परीक्षानियन्त्रक अधिकारीले भने ।

जुन परीक्षा केन्द्रमा शिक्षक नभएमा वा असुरक्षित महसुस भएमा शिक्षा विकास तथा समन्वय एकाइले सहजीकरण गरेर अर्को ठाउँबाट परीक्षण गर्ने व्यवस्था मिलाइएको छ । 'शिक्षक नभएको र असुरक्षित ठाउँको परीक्षण केन्द्र सार्न सकिन्छ,' परीक्षानियन्त्रक अधिकारीले भने, 'अरुको हकमा परीक्षा केन्द्रबाट नै उत्तरपुस्तिका परीक्षण हुन्छ ।'

बिगतका वर्षमा गोप्य रुपमा परीक्षण केन्द्र तोक्ने गरिन्थ्यो । साथै एउटा प्रदेशको उत्तरपुस्तिका अर्को प्रदेशमा लगेर परीक्षण गर्ने गरिएको थियो । यसपालि सम्बन्धित परीक्षा केन्द्रबाटै परीक्षण हुन लागेको हो । यसअघि एसईईको नतिजा असार दोस्रो सातातिर सार्वजनिक हुने गरेको थियो । परीक्षा बोर्डले क्यालेन्डर बनाएर नतिजा सार्वजनिक गर्ने गरेको थियो । तर, ढिलागरी नतिजा सार्वजनिक हुनेगरेको गुनासो आउने गरेको थियो । ढिला नतिजा आउँदा विद्यार्थीमा मनोवैज्ञानिक असर पर्नुका साथै ब्रीजकोर्स जस्ता कक्षा सञ्चालन गरेर विद्यार्थीलाई अनावश्यक तनाव दिने गरेको गुनासो आउने गरेको थियो । मन्त्रालयले एसईई पछिको ब्रीजकोर्सका कार्यक्रम सञ्चालनमा रोक लगाउने निर्णय गरिसकेको छ ।

# सन्दिपको घातक बलिङ्मा बागमतीको सानदार जित



साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/ कप्तान सन्दीप लामिछाने एक्लैले सात विकेट लिएपछि प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा बागमती प्रदेशले कर्णाली प्रदेशमाथि सानदार जित निकालेको छ ।

जनकपुरस्थित रामजानकी क्रिकेटमैदानमा बुधबार भएको खेलमा बागमतीले कर्णालीलाई ६० रनले हराएको हो । जितका लागि एक सय ८१ रनको लक्ष्य पछ्याएको कर्णाली २५.१ ओभरमा सबै विकेटको क्षतिमा एक सय २० रनमा समेटिएको थियो । कर्णालीका लागि सनश्चल रावलले सर्वाधिक ३१ रन बनाए । यस्तै दिनेश अधिकारीले २२, विपिन शाहीले १५, सुनिल धमलाले १४ र कप्तान दिवान पुनले १० रन बनाए । बलिङमा बागमतीका कप्तान सन्दीपले ९.१ ओभरका मात्र ४० रन खर्चिएर सात विकेट लिए ।

रिजन ढकाल, प्रतिश जिसी र सुवास खत्रीले एकएक विकेट लिए । यसअघि हारेर पहिले ब्याटिङको निम्तो पाएको बागमतीले ३८.४ ओभरमा सबै विकेटको क्षतिमा एक सय ८० रन बनाएको थियो । बागमतीका लागि विवेक रानामगरले सर्वाधिक ५६ रन बनाए । यस्तै इशान पाण्डेले २७, पवन थापाले २२, शुभ कंसकारले २० र शिभम् तिवारीले १८ रन बनाए । बलिङमा कर्णालीका कप्तान दिवान पुनले तीन विकेट लिए । प्रकाश जैशी, दिपेन्द्र रावत र निश्चल रावलले दुई दुई विकेट लिए । यससँगै पाँचौं खेलमा दोस्रो जित निकालेको बागमतीले चार अंक बनाएको छ । पराजित कर्णालीको समान खेलबाट तीन अंक छ ।

वीरगञ्जस्थित नारायणी क्रिकेटमैदानमा भएको अर्को खेलमा लुम्बिनीले विभागीय टोली एपिएफ क्बललाई सुपर ओभरमा हरायो । जितका लागि एपिएफले दिएको एक सय २५ रनको लक्ष्य पछ्याउने क्रममा लुम्बिनीले ३५ ओभरका सबै विकेटको क्षतिमा एक सय २४ रन बनाएपछि खेल सुपर ओभरमा पुगेको थियो ।

यसअघि पहिले ब्याटिङ गरेको एपिएफले ३९ दशमलव ४ ओभरमा सबै विकेटको क्षतिमा एक सय २४ रनको योगफल खडा गरेको थियो । जितसँगै लुम्बिनीले पाँच खेलबाट पाँच अंक बनाएको छ । एपिएफको समान खेलबाट तीन अंक छ ।

# प्रहरी र नागरिकबीचको सम्बन्ध सुधारमा जोड




साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/ भीमफेदी गाउँपालिकामा सुरक्षा निकाय र स्थानीय नागरिकबीच प्रत्यक्ष संवाद गर्ने उद्देश्यका साथ नागरिक सुनुवाई कार्यक्रम भएको छ ।

इलाका प्रहरी कार्यालय भीमफेदी र जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरको संयुक्त आयोजनामा भीमफेदीमा कार्यक्रम आयोजना गरिएको हो । इलाका प्रहरी कार्यालय भीमफेदीका प्रहरी निरीक्षक (इन्सपेक्टर) सन्त श्रेष्ठको अध्यक्षता एवम् जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख एवम् प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा भीमफेदी क्षेत्रका सक्रिय राजनीतिक दलका प्रतिनिधि, उत्साहजनक संख्यामा युवावर्ग, स्थानीय व्यापारी, बुद्धिजीवी, सञ्चारकर्मी, शिक्षक, किसान तथा महिला अधिकारकर्मीको सहभागिता रहेको थियो ।

सहभागी स्थानीयले भीमफेदीको शान्तिसुरक्षा, ट्राफिक व्यवस्थापन र प्रहरीसेवाका बारेमा जिज्ञासा र गुनासा राखेका थिए । प्रमुखअतिथि प्रहरीउपरीक्षक खत्रीले नागरिक र प्रहरी एकअर्काका परिपूरक भएको बताएका छन् । उनले अपराध नियन्त्रण र समाजमा शान्ति स्थापनाका लागि नागरिकको सूचना र सहयोग अपरिहार्य रहेको चर्चा गरेका थिए । इलाका प्रहरी कार्यालय भीमफेदीका ईन्चार्ज श्रेष्ठले नागरिकबाट आएका सुझावलाई आत्मसाथ गर्दै प्रहरी सेवालाई अझ बढी पारदर्शी र नागरिकमैत्री बनाउने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रमले भीमफेदीमा सुरक्षा निकाय र स्थानीय समुदाय बीचको दुरी कम गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास स्थानीयले लिएका छन् । कार्यक्रममा सुरक्षा निकाय र स्थानीय प्रशासनका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

# २०८३ सालको भित्तेपात्रो विमोचन

साझाकुरा संवाददाता


हेटौंडा, १८ चैत/मदन भण्डारी फाउन्डेसन जिल्ला शाखा मकवानपुरले प्रकाशन गरेको २०८३ सालको भित्तेपात्रो विमोचन गरेको छ ।

फाउन्डेसनको कार्यालयमा आयोजित एक कार्यक्रममा भित्तेपात्रो विमोचन गरिएको हो । फाउन्डेसनका जिल्ला अध्यक्ष रघुनाथ खुलालको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यता रहेको थियो । प्रमुखअतिथि पौडेलले फाउन्डेसनले समाजमा सकारात्मक सन्देशप्रवाह गर्दै विभिन्न रचनात्मक कार्य गर्दै आएको बताए । आगामी दिनमा यस्ता गतिविधिलाई अझ प्रभावकारी बनाउँदै लैजानुपर्ने धारण उनले राखे । उनले फाउन्डेसनले नियमित रुपमा गर्दै आएको रचनात्मक कार्यका लागि धन्यवाद दिए ।

कार्यक्रममा नेकपा एमाले प्रदेश कमिटी सदस्य गोपालबहादुर श्रेष्ठ, गणेशकुमारी श्रेष्ठ र भगवती पुडासैनी, हेटौंडा उपमहानगर पालिका-४ का वडाअध्यक्ष नवीन सिग्देल, गैरसरकारी संस्था महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटालगायतको उपस्थिति थियो । भित्तेपात्रोमा फाउन्डेसनले वर्षभरि सञ्चालन गरेका विभिन्न सामाजिक, शैक्षिक तथा जनचेतनामूलक गतिविधिका तस्बिर समेटिएको छ ।

## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-१, स्वर्गलोक अर्थोपेडिक अस्पताल पछाडि




सम्पर्क नं.
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)



साझाकुरा

## हाम्रो कुरा

# हेटौंडा बजार र पूर्वपश्चिम राजमार्ग

पूर्वपश्चिम राजमार्गको हेटौंडा-नारायणगढ सडक खण्डमा एसिएन हाईवेको मापदण्ड अनुसार आगामी आर्थिक वर्षदेखि विस्तार थाल्ने तयारी भइरहेको छ । नारायणगढको पुलचोकदेखि गोन्द्राङसम्म ६ लेन सडक बनेर उद्घाटन भइसकेको छ । अब भरतपुरको गोन्द्राङबाट हेटौंडासम्मको ७० किमि सडक ६ लेनको बन्नेछ । यो सडक खण्ड एसियाली विकास बैंक र वर्ल्ड बैंकले विस्तारको योजना बनाइसकेको छ । आगामी जेठ १५ गते आउने बजेटमा पहिलो वर्षको बजेट विनियोजन हुने भएको छ । नारायणगढ-हेटौंडा खण्ड अहिले २ लेनको छ । अब ठाउँ अनुसार ६ लेनसम्मको फराकिलो बनाइनेछ । बस्ती नभएका क्षेत्रमा ४ लेन हुनेछ, सहरीक्षेत्रमा ६ लेनको सडक बन्नेछ । चितवनको रत्ननगरदेखि भण्डारासम्म ६ लेन सडक बन्ने छ । त्यहाँदेखि मकवानपुरको बसामाडीसम्म ४ लेनको मात्र सडक हुनेछ । बसामाडीदेखि हेटौंडासम्म भने ६ लेनकै सडक बनाइनेछ । सडकको बीचमा मेडियम बन्ने छ । यस्तो मेडियममा रुखविरुवा रोप्न मिल्ने गरी ग्रिनरी बेल्ट बनाइनेछ । यसले राजमार्गलाई हरियाली बनाउने छ र प्रदुषण कम गर्न सहयोग पुऱ्याउने छ । पूर्व-पश्चिम राजमार्गको पथलैयादेखि नारायणगढ सडकखण्ड विस्तारको काम अगाडि बढ्ने भएको छ ।

१ सय किलोमिटर सडकखण्ड स्तरोन्नतिका लागि आवश्यक वातावरणीय प्रभाव मूल्यांकन रिपोर्ट रायसुझावका लागि सार्वजनिक भएको छ । मधेश प्रदेशको बारा, बागमती प्रदेशको मकवानपुर र चितवनमा प्रस्तावित १ सय किलोमिटर सडक स्तरोन्नतिका लागि भन्दै वन तथा वातावरण मन्त्रालयले रायसुझावका लागि वातावरणीय प्रभाव मूल्यांकन रिपोर्ट सार्वजनिक गरेको हो । सडक स्तरोन्नतिमा एसियाली विकास बैंकको लगानी हुनेछ । सडक भरतपुर महानगरपालिका, हेटौंडा उपमहानगरपालिका, जीतपुरसिमरा उपमहानगरपालिका, खैरहनी नगरपालिका, रत्ननगर नगरपालिका, राप्ती नगरपालिका र मनहरी गाउँपालिका क्षेत्रमा पर्दछ । सडकको सुरुविन्दु बाराको पथलैया र अन्तिमबिन्दु चितवनको गोन्द्र्याङ रहनेछ । यो आयोजनाअन्तर्गत सडकको आफ्नै स्वामित्वमा रहेको ५० मिटर अधिकार क्षेत्रमा अस्फाल्ट कंक्रिटबाट निर्मित ४ लेनको सडक ३ मिटर आइल्यान्डसहित आवश्यकताअनुसार सोल्जर निर्माण गरिनेछ । यो सडकखण्डमा वन्यजन्तु वारपारका लागि १९ वटा वन्यजन्तु निकास र २ स्थानमा भायाडक्ट निर्माण गरिनेछ । सडक स्तरोन्नतिका क्रममा ४१ वटा पुल र २ सय ४६ वटा कल्भर्ट निर्माण गरिने रिपोर्टमा उल्लेख गरिएको छ । पूर्व-पश्चिम राजमार्ग नेपालको प्रमुख आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारिक राजमार्गका साथै एसियाली राजमार्गको खण्ड पनि हो । दक्षिण एसियाली उपक्षेत्रीय आर्थिक सहयोग सडक सुधार आयोजनाले पूर्व-पश्चिम राजमार्गमा पर्ने पुलसहित २ सय ७० किलोमिटर सडकखण्ड स्तरोन्नति गर्दैछ । जसमध्ये काँकरभिट्टा-लौकही सडकखण्ड १ सय २० किलोमिटर, बुटवल-गोरुसिङ्गे सडकखण्ड ५० किलोमिटर तथा पथलैया-हेटौंडा-नारायणगढ सडकखण्ड १ सय किलोमिटर रहेको छ । प्रस्तावित आयोजनाले पथलैया-हेटौंडा-नारायणगढ सडकखण्डका सबै पुल-पुलेसासहित २ लेनको सडकलाई ४ लेनमा स्तरोन्नति गर्नेछ । यो सडकखण्ड मधेश प्रदेशको बारा र बागमती प्रदेशको मकवानपुर र चितवन भएर गएको छ । पथलैया-हेटौंडा-नारायणगढ सडक स्तरोन्नतिपश्चात ट्राफिक जाम न्यूनीकरण, यात्रामा गुणस्तर अभिवृद्धि तथा सडक सुरक्षामा सुधार ल्याउने लक्ष्य लिइएको छ ।

आयोजनाअन्तर्गत विद्यमान सडक तथा पुल एसियन राजमार्ग मापदण्डमा स्तरोन्नति गरिने भएको छ । सडकको चौडाइ सहरी क्षेत्रमा ५० मिटर, अर्धसहरी ( सहरोन्मुख) क्षेत्रमा ३७.४ मिटर र ग्रामीण तथा वनक्षेत्रमा २४ मिटर कायम गरिएको छ । सडक स्तरोन्नतिका अवयवअन्तर्गत १ सय किलोमिटरको सडकखण्डलाई २ लेनबाट ४ लेनमा स्तरोन्नति गर्ने, पेभमेन्ट स्तरोन्नति, ज्यामितीय सुधार, २० स्थानमा चोकसुधार, सडकका दुवै भागमा सर्भिस रोड, साइकल लेन, सहरी क्षेत्रमा फुटपाथ, पैदलयात्रु क्रसिङका लागि ६ स्थानमा आकासेपुल र १२ स्थानमा अन्डरपास, ४ किलोमिटरभन्दा बढी लम्बाइ भएको २ भायडक्टसहित २१ स्थानमा वन्यजन्तु क्रसिङ स्ट्रक्चर निर्माण गरिने रिपोर्टमा उल्लेख गरिएको छ । सडकखण्डमा ४१ वटा पुल र २ सय ४६ वटा बक्स कल्भर्ट निर्माण हुनेछ । प्रस्तावित पुलका लागि १ सय वर्ष रिटर्न फ्लो, कल्भर्टका लागि ५० वर्ष रिटर्न फ्लो र साइड ड्रेनका लागि २५ वर्ष रिटर्न फ्लोमा डिजाइन गरिएको छ । प्रस्तावित स्तरोन्नतिका कार्य सडकको ५० मिटर क्षेत्राधिकारभित्र सम्पन्न गरिने भएकाले क्षेत्राधिकारभन्दा बाहिर स्थायीरुपमा थप जमिन आवश्यक नपर्ने रिपोर्टमा उल्लेख छ । सडक स्तरोन्नति तथा पुल निर्माणमा ५४ अर्ब २९ करोड रुपैयाँ लागत लाग्ने अनुमान गरिएको छ । यो आयोजना सन् २०२६ भित्रै सुरु भएर ३ वर्षमा सम्पन्न हुने अनुमान गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत २० गते शुक्रबार ३ अप्रिल २०२६ । प्रतिपक्ष, बैशाख कृष्णपक्ष । चौलागा ११४६ ने.सं. । सूर्योदय ५:५५ सूर्यास्त ६:२२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : परीक्षामा सफलता मिल्नेछ | तुला | : धर्मकर्ममा मन जानेछ |
| वृष | : पढाइमा रुचि बढ्नेछ | वृश्चिक | : नयाँ मित्रसँग भेटघाट हुनेछ |
| मिथुन | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ | धनु | : अधुरो काम बन्ने सम्भावना छ |
| कर्कट | : शुभ समाचार मिल्नेछ | मकर | : मित्रहरुबाट सहयोग हुनेछ |
| सिंह | : भाग्योदयको योग छ | कुम्भ | : आफन्तबाट विरोध हुनेछ |
| कन्या | : सहयोगी हातहरु बढ्नेछ | मीन | : पेसाबाट घाटा देखिन्छ |

# विश्व राजनीतिको नयाँ मोडः डलरको संकट र इरानको उदय



गणेश अम्गाई

लामो समयदेखि विश्व बजार र ऊर्जा क्षेत्रमा एकछत्र राज गर्दै आएको संयुक्त राज्य अमेरिका अहिले इतिहासकै कठिन मोडमा उभिएको देखिन्छ । दोस्रो विश्वयुद्धपछिको दशकौंसम्म जसरी अमेरिकाले विश्व अर्थतन्त्र र सैन्य रणनीतिको केन्द्रविन्दु बनेर आफ्नो प्रभुत्व जमाएको थियो, त्यो संरचना अहिले बिस्तारै भत्किँदै गएको आभास हुन थालेको छ । विशेषगरी इरानसँगको बढ्दो तनाव, मध्यपूर्वमा जारी युद्धको बाछिटा र ऊर्जा आपूर्तिमा देखिएको अवरोधले विश्वका शक्तिशाली राष्ट्रहरूलाई आफ्नो भविष्य र आर्थिक सुरक्षाका लागि नयाँ र स्वतन्त्र बाटो रोज्न बाध्य बनाएको छ । अमेरिकाले जुन कूटनीतिक र आर्थिक दबाबका साथ विश्वका नियमहरू तय गर्थ्यो, ती नियमहरू अहिले उसकै लागि प्रत्युत्पादक बन्न थालेका छन् । विश्वका धेरै देशहरूले अब अमेरिकी संरक्षणमा बस्नु भन्दा आफ्नो राष्ट्रिय हित र ऊर्जा सुरक्षालाई प्राथमिकता दिनु नै बुद्धिमानी ठानेका छन् । यसले गर्दा अन्तर्राष्ट्रिय राजनीतिमा दशकौंदेखि कायम रहेको शक्ति सन्तुलनमा एउटा ठूलो हलचल पैदा भएको छ, जसले भविष्यको विश्व राजनीतिलाई नयाँ दिशा दिने निश्चित छ ।

वर्तमान विश्वको तेल र ऊर्जा राजनीतिमा अमेरिकाको जुन एकछत्र वर्चस्व थियो, त्यो अहिले लगभग अन्त्यको दिशामा पुगेको संकेतहरू स्पष्ट देखिन थालेका छन् । विगतमा अमेरिकाले तय गर्ने तेलको मूल्य र व्यापारिक सर्तहरूलाई विश्वले शिरोधार्य गर्नुपर्ने बाध्यता थियो, तर इरानसँगको पछिल्लो टकरावले यो स्थिति पूर्ण रूपमा बदलेको छ । ऊर्जा बिना कुनै पनि राष्ट्रको विकास र अर्थतन्त्र चल्न सक्दैन भन्ने यथार्थलाई फदयङ्गम गर्दै धेरै देशहरूले अब अमेरिकी आदेशको पर्वाह नगरी इरानसँग सिधा व्यापारिक सम्झौताहरू गर्न थालेका छन् । यो परिवर्तनले गर्दा अन्तर्राष्ट्रिय स्तरमा एउटा यस्तो नयाँ गठबन्धन बनिरहेको छ, जहाँ अमेरिका पहिलो रोजाइमा पर्न छाडेको छ । इरानको रणनीतिक अवस्थिति र ऊर्जा भण्डार माथिको उसको नियन्त्रणले गर्दा अमेरिकाले पहिलेको जस्तो 'दादागिरी' देखाउन सक्ने ठाउँ बाँकी छैन । यसले गर्दा अमेरिका बिस्तारै विश्व मञ्चमा एक्लिँदै गएको छ भने ऊर्जा सुरक्षाका लागि विश्वका राष्ट्रहरूले नयाँ र भरपर्दो विकल्पहरूको खोजीलाई तीव्र पारेका छन् ।

युरोपेली राष्ट्रहरू र उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो) का सदस्य देशहरूमा पनि अहिले अमेरिकाप्रति ठूलो असन्तोष र अविश्वासको वातावरण सिर्जना भएको छ । कुनै समय अमेरिकाका हरेक सैन्य र राजनीतिक निर्णयमा आँखा चिम्लेर समर्थन गर्ने युरोप अहिले आफ्नै सुरक्षा र आर्थिक स्थिरताका लागि गम्भीर रूपमा चिन्तित देखिन्छ । इरान र मध्यपूर्वको युद्धमा अमेरिकालाई अन्धधुन्ध साथ दिँदा आफ्नो देशको आकाश र जमिन प्रयोग गर्न नदिने साहसिक निर्णय धेरै युरोपेली देशहरूले गरेका छन् । उदाहरणका लागि, इटालीले अमेरिकी सैन्य विमानलाई आफ्नो भूमिमा अवतरण गर्न अनुमति नदिनु र फ्रान्सले आफ्नो हवाई क्षेत्र अमेरिकी सैन्य प्रयोजनका लागि बन्द गरिदिनुले वासिङ्टनसँगको सम्बन्धमा आएको दरारलाई प्रस्ट पार्छ । आफ्नै पुराना र भरपर्दो मित्रहरूले साथ छोड्दा अमेरिकाका लागि मध्यपूर्वमा सैन्य अपरेसन सञ्चालन गर्न निकै चुनौतीपूर्ण र खर्चिलो भएको छ । यो घटनाक्रमले अमेरिका अब विश्वको निर्विकल्प रक्षक नभई एउटा एक्लो शक्तिमा परिणत हुँदै गएको पुष्टि गर्दछ ।

विश्व अर्थतन्त्रको मेरुदण्ड मानिने अमेरिकी डलरको प्रभाव पनि अहिले इतिहासकै सबैभन्दा ठूलो संकटमा परेको देखिन्छ । इरानले आफ्ना शत्रु राष्ट्रहरू र अमेरिकी समर्थकहरूका लागि नयाँ व्यापारिक नियमहरू लागू गर्दै डलरको सट्टा आफ्नै राष्ट्रिय मुद्रा 'रियाल' वा अन्य वैकल्पिक मुद्राहरूमा कारोबार गर्ने सर्तहरू अघि सारेको छ । यसले गर्दा सन् १९७० को दशकदेखि चल्दै आएको 'पेट्रो डलर' को युग समाप्त हुने खतरा बढेको छ, जसले अमेरिकी अर्थतन्त्रलाई विश्वव्यापी नियन्त्रण दिने गर्थ्यो । धेरै देशहरूले अब डलरको विकल्पमा चिनियाँ युआन, रुसी रुबल वा वस्तु विनिमय (बार्टर) प्रणाली प्रयोग गर्न रुचि देखाउन थालेका छन् । यसअघि अमेरिकाले रुस माथि लगाएका आर्थिक प्रतिबन्धहरू र त्यसबाट सिर्जना भएको ऊर्जा संकटले विश्वका अन्य देशहरूलाई ठूलो पाठ सिकाएको छ । उनीहरू अब आफ्नो अर्थतन्त्र र वित्तीय प्रणालीलाई सुरक्षित राख्नका लागि अमेरिकी मौद्रिक नीति वा डलरको भर पर्नु जोखिमपूर्ण ठान्न थालेका छन् ।

अमेरिकी नेतृत्वले सामाजिक सञ्जाल र विभिन्न मञ्चहरूमा व्यक्त गर्ने अपरिपक्व र स्वार्थी अभिव्यक्तिहरूले पनि मित्र राष्ट्रहरूमा ठूलो अविश्वास पैदा गरेको छ । पछिल्लो समय अमेरिकाले आफ्ना प्रमुख सहयोगीहरू बेलायत र फ्रान्स जस्ता देशहरूलाई संकटको बेला आफ्नै इन्धनको व्यवस्था आफै गर्न र युद्धमा एक्लै लड्न दिएको सुझावलाई अन्तर्राष्ट्रिय कूटनीतिमा निकै अशोभनीय मानिएको छ । यस्तो गैर जिम्मेवारपूर्ण व्यवहारले गर्दा लामो समयदेखि अमेरिकाको सुरक्षा छाता भित्र रहेका देशहरूले अहिले इरान र अन्य शक्तिहरूसँग सिधा वार्ता र व्यापारिक सम्झौताको बाटो रोजेका छन् । जब संकटको घडीमा अमेरिकाले आफ्ना सहयोगीहरूलाई एक्लै छोड्ने वा दबाब दिने संकेत दियो, तब ती देशहरूले पनि आफ्नो अस्तित्व रक्षाका लागि नयाँ कूटनीतिक आयामहरू खोज्न सुरु गरे । यसले गर्दा अमेरिकाले दशकौं लगाएर निर्माण गरेको विश्व व्यवस्था र सैन्य गठबन्धनहरू अहिले छिन्नभिन्न हुने अवस्थामा पुगेका छन् ।

मध्यपूर्वको द्वन्द्वमा इजरायललाई दिइएको अन्धधुन्ध सैन्य र आर्थिक सहयोगले अमेरिका आफैलाई पनि भित्र भित्रै कमजोर बनाउँदै लगेको छ । अर्बौं डलरका अत्याधुनिक हतियार र सुरक्षा सामग्रीहरू मध्यपूर्व पठाउँदा अमेरिकाको आफ्नै हतियार भण्डार र रक्षा प्रणालीमा उल्लेख्य कमी आएको विश्लेषण गरिदैछ । अर्कोतर्फ, इजरायलले पनि अहिले आएर इरानको रणनीतिक र भौगोलिक शक्तिलाई कम आँक्नु आफ्नो गल्ती भएको महसुस गर्न थालेको छ । समुद्रको व्यापारिक मार्ग, विशेषगरी हर्मोज जलडमरुमा इरानको पकड यति बलियो छ कि त्यहाँ सैन्य बलले कब्जा जमाउन लगभग असम्भव देखिएको छ । त्यसैले अहिले इजरायल र अमेरिका दुवैले वैकल्पिक ऊर्जा मार्गहरूको खोजी गरिरहेका छन्, तर ती मार्गहरू पनि इरानको प्रभाव क्षेत्र भन्दा बाहिर छैनन् । यो जटिल अवस्थाले के देखाउँछ भने इरानले आफ्नो भौगोलिक अवस्थितिको भरपूर फाइदा उठाउँदै अमेरिकालाई रक्षात्मक र कमजोर स्थितिमा पुऱ्याइदिएको छ ।

इरानको आन्तरिक भौगोलिक संरचना र यसको सैन्य तयारी यति सुदृढ छ कि अमेरिकाका लागि त्यहाँ स्थल सेना पठाउनु आत्मघाती कदम साबित हुन सक्छ । विगतमा इराक र अफगानिस्तानमा भोगेको लज्जास्पद पराजय र ती देशहरूमा छोडेर आउनु परेको अधुरो युद्धको घाउ अझै निको भएको छैन । इरानको भूमिमा प्रवेश गर्नु भनेको एउटा यस्तो ठूलो राजनीतिक र सैन्य दलदलमा फस्नु हो, जहाँबाट अमेरिका जीवितै उम्किन निकै कठिन हुनेछ । इरानी सैन्य कमाण्डरहरूले पनि अमेरिकी सेनालाई खुल्ला चेतावनी दिँदै आएका छन् कि उनीहरू इरानको सीमा भित्र प्रवेश गर्न त सक्छन्, तर फर्किंदा बाकसमा मात्र फर्किन पाउनेछन् । यस्तो सैन्य र रणनीतिक दबाबले गर्दा अमेरिकाले चाहेर पनि तुरुन्तै ठूलो सैन्य कारबाही गर्ने आँट गर्न सकेको छैन । यसले विश्वव्यापी रूपमा अमेरिकाको सैन्य धाक र प्रभावलाई निकै कमजोर बनाएको छ ।

विश्व राजनीतिमा अहिले एउटा नयाँ खालको ध्रुवीकरणको उदय भएको छ, जहाँ चीन र रुस जस्ता शक्तिहरूले आफ्नो प्रभाव विस्तार गर्ने सुनौलो मौका पाएका छन् । अमेरिकाले मध्यपूर्वमा आफ्नो नियन्त्रण गुमाउँदै गर्दा चीनले यस क्षेत्रमा शान्ति र स्थिरताका लागि आफ्नै किसिमका प्रस्तावहरू अघि सारेको छ । धेरै खाडी देशहरूले पनि अब अमेरिकी सैन्य उपस्थितिलाई आफ्नो जमिनमा सधैंका लागि स्थान दिनु जोखिमपूर्ण हुने महसुस गर्न थालेका छन् । उनीहरूले बुझिसकेका छन् कि अमेरिकाको उपस्थितिले उनीहरूको छिमेकी इरानसँगको सम्बन्धलाई सधैं तनावपूर्ण बनाइराख्छ । यदि यो क्षेत्रमा दीर्घकालीन शान्ति र विकास चाहने हो भने अमेरिकी सेनाको बहिर्गमन र क्षेत्रीय शक्तिहरू बीचको आपसी संवाद नै एकमात्र विकल्प हो भन्ने आवाज बलियो हुँदै गएको छ । यो नयाँ चेतनाले मध्यपूर्वमा अमेरिकाको दशकौं लामो प्रभुत्वलाई सधैंका लागि अन्त्य गर्ने संकेत गरेको छ ।

अन्तमा, अमेरिकाले आफ्नो राष्ट्रिय स्वार्थ सिद्ध गर्नका लागि जी-२०, क्वाड र जी-७ जस्ता अन्तर्राष्ट्रिय संगठनहरूलाई एउटा औजारको रूपमा प्रयोग गर्दै आएको थियो । चीनलाई घेर्न र रुसलाई विश्व मञ्चबाट एक्ल्याउन बनाइएका यी रणनीतिहरू अहिले आएर आफैलाई प्रत्युत्पादक साबित भएका छन् । विश्वका धेरै उदीयमान अर्थतन्त्रहरूले अब कुनै पनि एउटा महाशक्तिको पछाडि लाग्नु भन्दा आफ्नो स्वतन्त्र अस्तित्व र आर्थिक हितलाई केन्द्रमा राख्न थालेका छन् । अमेरिकाको 'एकध्रुवीय' विश्वको सपना अब अधुरो हुँदै गएको छ किनभने विश्वका हरेक राष्ट्रले अब शक्ति सन्तुलनका लागि नयाँ विकल्पहरू फेला पारिसकेका छन् । यो बदलिदो विश्व व्यवस्थामा इरान र चीन एउटा नयाँ शक्तिको केन्द्रको रूपमा उदाएका छन् भने अमेरिका आफ्नो गिर्दो साख र अर्थतन्त्र जोगाउन संघर्ष गरिरहेको देखिन्छ ।

यस समग्र परिस्थितिको विश्लेषण गर्दा के स्पष्ट हुन्छ भने अबको विश्व बहुध्रुवीय हुने निश्चित छ । कुनै एक देशले मात्रै सम्पूर्ण विश्वको बजार, मुद्रा र राजनीति नियन्त्रण गर्ने दिन अब इतिहास भइसकेका छन् । ऊर्जा र तेलको व्यापारमा आएको यो ऐतिहासिक परिवर्तनले विश्व अर्थतन्त्रलाई एउटा नयाँ र अपरिहार्य दिशा दिनेछ । अमेरिकाले यदि आफ्नो पुरानो 'अहंकार' र कूटनीतिक शैलीलाई तत्काल सुधार गरेन भने ऊ अन्तर्राष्ट्रिय मञ्चमा अझै धेरै एक्लिने र कमजोर हुने सम्भावना छ । इरानले देखाएको कूटनीतिक साहस र युरोपेली सहयोगी देशहरूको बदलिदो अडानले विश्व इतिहासमा एउटा नयाँ अध्याय थपेको छ । अबको समयमा वास्तविक शक्ति त्यो राष्ट्रसँग हुनेछ, जसले ऊर्जा, बजार र प्रविधिलाई सन्तुलित रूपमा व्यवस्थापन गर्न सक्छ । विश्व अब एउटा नयाँ आर्थिक, राजनीतिक र रणनीतिक युगमा प्रवेश गरिसकेको छ, जहाँ शक्तिको परिभाषा बदलिएको छ ।

# राजनीतिको ओभरलोडले थिचिएको नेपाली खेलकुद

कविरस शर्मा

नेपाली खेलकुदको आकाशमा दशकौंदेखि एउटै कालो बादल मडारिरहेको छ । त्यो हो राजनीतिक हस्तक्षेप, नीतिगत भ्रष्टाचार र भयानक अकर्मण्यता । 'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद' भन्ने आदर्श नारा सुन्नमा जति कर्णप्रिय छ, व्यवहारमा यो केवल सरकारी दस्तावेजको शोभा बढाउने र चुनावी भाषणमा ताली पड्काउने सस्तो साधन मात्र बनेको छ । २०४६ सालको राजनीतिक परिवर्तनपछि देशमा धेरै व्यवस्था बदलियो, अनगिन्ती सरकारहरू बने ।

तर, खेलकुद क्षेत्रको नियति भने अझै पनि दलीय भागवण्डा र भर्तीकेन्द्रको साँघुरो घेराभन्दा माथि उठ्न सकेको छैन । भर्खरै गठन भएको नयाँ सरकार र यसका खेलकुदमन्त्री तथा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का पदाधिकारीहरूका सामुन्ने विगतका ती तमाम बेथितिहरू ऐनाझैँ छर्लङ्ग छन्, जसले नेपाली खेलकुदलाई दशकौंदेखि अपाङ्ग बनाएका छन् । मन्त्रालय, राखेप र नेपाल ओलम्पिक कमिटीबीचको बेलाबेलामा हुने त्रिकोणात्मक द्वन्द्वले खेलकुदको जगलाई भन्दा पनि पद, पैसा र प्रतिष्ठाको लुछाचुँडीलाई प्रश्रय दिएको छ । जबसम्म नीति बनाउनेहरूको 'नीति' मात्र होइन 'नियत' मा शुद्धता आउँदैन, तबसम्म जतिसुकै नयाँ अनुहार कुर्सीमा आए पनि खेलकुदको अधोगति रोकिनेछैन । यो सरकारका लागि सुझाव मात्र होइन, एउटा गम्भीर चेतावनी र खबरदारी पनि हो ।

नेपाली खेलकुदको सबैभन्दा घातक र पुरानो सरुवा रोग भनेकै योग्यताभन्दा पनि राजनीतिक पहुँचका आधारमा गरिने नियुक्ति हो । 'मेरिटोक्रेसी' अर्थात् योग्यता-आधारित प्रणालीको निर्मम हत्या गरेर दलका कार्यकर्तालाई विभिन्न खेलसंघ र समितिहरूमा भित्र्याउनाले वास्तविक खेलाडी अनि दक्ष प्रशिक्षकहरू सधैं ओझेलमा परेका छन् । खेलकुद एक प्राविधिक र विशिष्ट विधा हो । तर, यहाँ प्राविधिक ज्ञान भएका विज्ञहरूलाई किनारा लगाएर राजनीतिक दलको झन्डा बोक्ने र नेताको चाकडी गर्नेहरूलाई नीति निर्माणको माथिल्लो तहमा पुऱ्याइन्छ ।

यसले गर्दा खेलकुद क्षेत्रमा व्यावसायिकता र अनुशासनभन्दा पनि गुटबन्दी, गुन्डागर्दी र चाकडीवाद हाबी भएको छ । कर्मचारीहरूमा देखिएको चरम दलगत प्रवृत्ति र दलीय भ्रातृ संगठनहरूको अनावश्यक हस्तक्षेपले खेलकुदको स्वच्छ वातावरणलाई थप धमिलो बनाएको छ । जबसम्म कुनै पनि संघको नेतृत्वमा पुग्न वा अन्तर्राष्ट्रिय भ्रमणमा जान राजनीतिक दलको आशीर्वाद वा नातावाद चाहिन्छ, तबसम्म नेपाली खेलकुदले विश्वमञ्चमा अपेक्षित परिणाम दिन सक्दैन । राज्यले बुझ्नुपर्छ कि खेलकुदलाई राजनीतिको 'पेवा' बनाउनु भनेको राष्ट्रको प्रतिष्ठामाथि नै खेलबाड गर्नु हो ।

नीति र कार्यान्वयनबीचको विशाल खाडल नेपाली खेलकुदको अर्को लज्जास्पद पाटो हो । नेपालमा योजनाहरू कागजमा असाध्यै सुन्दर र महत्वाकांक्षी बनाइने गरिन्छ तर ती कहिल्यै खेलमैदानसम्म पुग्दैनन् । बजेटको विनियोजन र खर्चमा कुनै पारदर्शिता छैन । बर्सेनि खेलकुदका नाममा अर्बौं रुपैयाँ खर्च हुन्छ तर त्यो रकम ठ्याक्कै कुन शीर्षकमा र कसरी खर्च भयो भन्ने स्पष्ट विवरण भेट्टाउन मुस्किल छ । कतिपय खर्च त बालुवामा पानी हालेझैँ हुने गरेका छन् । पूर्वाधारको अवस्था उस्तै दयनीय छ । अन्तर्राष्ट्रिय स्तरका अत्याधुनिक रंगशालाहरू त परै जाओस्, भएका सीमित खेलस्थल र मैदानहरूको समेत मर्मतसम्भार एवं संरक्षण हुन सकेको छैन । प्रशिक्षणका लागि न पर्याप्त सुविधा छ, न त वैज्ञानिक उपकरण नै । खेलाडीले आहार, उचित खेलसामग्री र वैदेशिक प्रशिक्षणका लागि आफ्नै खल्ती छाम्नुपर्ने वा हारगुहार गर्नुपर्ने विडम्बनापूर्ण अवस्था छ ।

प्रत्येक पटक नेतृत्व परिवर्तन हुँदा पनि पुराना ढर्राका सोच र सडिसकेको प्रणाली उस्तै रहनु नै नेपालको खेल विकासको मुख्य बाधक हो । जवाफदेहिताको चरम अभावले गर्दा भ्रष्टाचार र ढिलासुस्ती गर्नेहरूले सधैं राजनीतिक संरक्षण पाउँछन्, जसका कारण सुधारका प्रयासहरू केवल अल्पकालीन र सतही निर्णयमा मात्र सीमित हुन्छन् । खेलकुदलाई अझै पनि दीर्घकालीन राष्ट्रिय गौरवको क्षेत्र नभई क्षणिक राजनीतिक शक्तिकेन्द्र र कार्यकर्ता व्यवस्थापन गर्ने थलोको रूपमा प्रयोग गरिनु राष्ट्रिय अपराध हो ।

राष्ट्रिय खेलकुद ऐन २०७७ र यसका कतिपय नियमावलीहरू आफैँमा त्रुटिपूर्ण, स्वार्थकेन्द्रित र विवादास्पद छन् । दलगत प्रभाव जमाउने र कार्यकर्ता भर्ती गर्ने दूषित नियतका कारण निर्माण गरिएको तीन दर्जनभन्दा बढी सदस्यीय भद्दा राखेप बोर्ड तथा प्रदेश खेलकुद परिषद्हरू समन्वयात्मक र प्राविधिक रूपमा पूर्णत: प्रभावकारी बन्नै सकेका छैनन् । यति ठूलो र भद्दा संरचनाले निर्णय प्रक्रियालाई झन्झटिलो मात्र बनाएको छैन, यसले खेलकुदको विकासमा भन्दा पनि अनावश्यक प्रशासनिक खर्च र सुविधाभोगी संस्कृतिलाई बढावा दिएको छ ।

त्यसैले, ऐन तथा नियमावलीमा व्यापक सुधार र क्रान्तिकारी संशोधन अब अपरिहार्य देखिन्छ । जबसम्म नेतृत्वको नियतमा आमूल परिवर्तन आउँदैन तबसम्म सरकारले के बुझ्नुपर्छ भने, कागजका पानामा मात्र नीति बदलेर केही हुँदैन । खेलकुदलाई केवल समय काट्ने र मनोरञ्जनको साधन मात्र ठान्ने संकुचित प्रवृत्ति अब त्याग्नै पर्छ । जबसम्म खेलकुदलाई राष्ट्रिय गौरव, कूटनीति र अर्थतन्त्रको एक सशक्त हिस्साका रूपमा हेरिँदैन, तबसम्म वास्तविक सुधारको कुरा गर्नु मृगतृष्णा मात्र हुनेछ ।

अलग्गै रहेको खेलकुद मन्त्रालयलाई शिक्षा मन्त्रालयमा गाभिएर नयाँ सरकार गठनले विगतको तुलनामा अहिले खेलकुद क्षेत्र प्राथमिकता नपरेको हो पो कि भन्ने खुल्दुली हुनु स्वाभाविकै हो । यद्यपि, विभिन्न क्षेत्रको नियम-कानुनमा गरिएको द्रुत गतिको व्यापक परिवर्तनले नेपाली खेलकुद जगत्मा पनि धेरै हदसम्म आशा पलाएको छ । अबको बाटो र कार्यदिशा स्पष्ट हुनुपर्छ । 'स्कुल टु ओलम्पिक' को महत्वाकांक्षी लक्ष्य केवल आकर्षक नारामा मात्र होइन, व्यावहारिक कार्यान्वयनमा देखिनुपर्छ । यसका लागि सरकारले ५ 'प' नीतिमा युद्धस्तरमा काम गर्नु जरुरी छ ।

पहिलो प हो 'प्रशिक्षण', जहाँ आधुनिक प्रविधि र विश्वस्तरीय वैज्ञानिक पद्धतिको प्रयोग गरिनुपर्छ । दोस्रोमा 'प्रतियोगिता' हो, जसमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलहरूको नियमित र क्यालेन्डरअनुसारको आयोजना हुनुपर्छ । तेस्रो 'पुरस्कार तथा प्रोत्साहन', जसले खेलाडीलाई यसै क्षेत्रमा आफ्नो र आफ्ना परिवारको भविष्य सुरक्षित छ भन्ने बलियो विश्वास दिलाओस् । चौथो हो 'प्रतिभा पहिचान', जसले पहुँच र भनसुनका आधारमा होइन, देशको सुगमदेखि दुर्गमसम्म रहेका वास्तविक र लुकेका प्रतिभालाई वैज्ञानिक ढंगले छनोट गरी उचित प्लेटफर्म प्रदान गरोस् ।

पाँचौं हो 'पूर्वाधार', जसमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरका रंगशाला, बहुउद्देश्यीय कभर्ड हल, प्रशिक्षण कभर्ड हल, नगरपालिका स्तरका रंगशाला, विद्यालय तथा क्लबमा हल तथा प्रशिक्षण मैदानको विकास समावेश होस् । यसबाहेक 'स्वायत्त राष्ट्रिय खेलकुद विज्ञान तथा अनुसन्धान एकेडेमी' को स्थापना पनि अहिलेको आवश्यकता हो, जसले खेलकुदलाई विज्ञान र अनुसन्धानसँग जोडेर खेलाडीको शारीरिक र मानसिक क्षमता अभिवृद्धि गर्न सकोस् ।

हामीले सबै विधाका खेलमा हात हालेर अन्तर्राष्ट्रिय उपलब्धि शून्य बनाउनुभन्दा नेपालको विशिष्ट भूगोल, नेपालीको शारीरिक बनावट र हाम्रो वास्तविक सामर्थ्य सुहाउँदा निश्चित १० देखि १५ वटा मुख्य खेलहरूमा बढीभन्दा बढी साधन-स्रोत केन्द्रित गर्नु बुद्धिमानी हुनेछ । विशेष गरी व्यक्तिगत खेलहरूतर्फ कराते, तेक्वान्दो, उसु, बक्सिङ, एथ्लेटिक्स, गल्फ, कुस्ती, जुडो, डान्स स्पोर्ट्स र उदयमान ई-स्पोर्ट्समा नेपालको सम्भावना प्रबल रहेको विगतका नतिजाहरुले प्रमाणित गरिसकेको छ ।

त्यसै गरी, टिम खेलहरूमा फुटबल, क्रिकेट, भलिबल, बास्केटबल, कबड्डी, टेबलटेनिस, ब्याडमिन्टन र खोखोमा विशेष लगानी र रणनीतिक योजना आवश्यक छ । ३५ भन्दा बढी जिल्लामा व्यापकरूपमा खेलिने खेल र सीमित शहरमा मात्र खेलिने खेलहरूका लागि राज्यले फरक-फरक लगानी एवं विकास नीति तर्जुमा गर्नु उचित देखिन्छ । बाँकी रहेका अन्य खेलहरूको क्रमिक र दिगो विकासका लागि पनि स्पष्ट विधि र मापदण्ड तयार गरिनुपर्छ, ताकि कुनै पनि विधाका प्रतिभावान् खेलाडीले राज्यबाट आफू अपहेलित वा उपेक्षित भएको महसुस गर्न नपरोस् । खेलाडीको सामाजिक सुरक्षा, वृत्तिविकास र उच्च सम्मानको ग्यारेन्टी नै समग्र खेलकुद विकासको जग हो । आज देशका धेरै होनहार र प्रतिभाशाली खेलाडीहरू आफ्नो र आफ्नो परिवारको भविष्य नदेखेर विवश भई विदेश पलायन भइरहेका छन् ।

*(साभार: न्यूज अफ नेपाल)*

# फेरि चलाउन सकिने अवस्थामा गोरखकाली रबर उद्योग, सुझाइयो ३ विकल्प




काठमाडौं/बन्द अवस्थामा रहेको सार्वजनिक संस्थान गोरखकाली रबर उद्योग पुन: सञ्चालन गर्न सक्ने सम्भावना देखिएको छ । अर्थ मन्त्रालयले गत वर्षदेखि सात रुग्ण तथा बन्द अवस्थामा रहेका सार्वजनिक संस्थानको सम्पत्ति तथा दायित्व मूल्यांकन (डीडीए) गर्ने प्रक्रिया थालेको थियो ।

सोही क्रममा एसियाली विकास बैंक (एडीबी) मार्फत गोरखकाली रबर उद्योगको डीडीए तयार गरी अर्थमन्त्री डा. स्वर्णिम वाग्ले समक्ष बुझाएको छ । प्रतिवेदनले गोरखकाली रबर उद्योगमा अहिले रहेको प्लान्टबाटै पुन: टायर उत्पादन गर्न सम्भव रहेको देखाएको छ । अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले एडीबीले प्रतिवेदन मंगलबार अर्थ मन्त्रीसमक्ष बुझाएको जानकारी दिए । गोरखकाली रबर उद्योग एक दशकदेखि बन्द छ ।

चार्टर्ड एकाउन्टेन्ट कृष्ण भट्टराईको नेतृत्वमा तयार भएको प्रतिवेदनमा सञ्चालन मोडालिटीमा तीन विकल्प सुझाइएको छ । अर्थ मन्त्रालय उच्च स्रोतका अनुसार प्रतिवेदनमा गोरखकाली रबर उद्योगलाई पुनर्संरचना गरी सञ्चालन गर्न उपयुक्त हुने सुझाव दिइएको छ ।

उद्योगको ऋण भुक्तानी वा पुनर्संरचना वा ऋणलाई सेयरमा परिणत गरी निजी वा सार्वजनिक संस्थासमेतको सहभागितामा नयाँ लगानीकर्ता (स्वदेशी, विदेशी वा रणनीतिक साझेदार) मार्फत थप लगानी गरी पूँजी वृद्धि गर्ने र हाल रहेको प्लान्टलाई आधुनिक ञ्याडियल प्रविधिको प्लान्टले प्रतिस्थापन गरी उद्योग सञ्चालन गर्न उपयुक्त हुने देखिएको छ । पुरानो प्लान्ट र मेसिनरी नयाँ प्रविधिले विस्थापित गर्ने कार्ययोजना बनाइ अहिलेकै प्लान्टबाट तत्काल उत्पादन सुरु गरी निजी क्षेत्र वा रणनीतिक वैदेशिक लगानीकर्तासँगको साझेदारीमा उद्योग सञ्चालनको विकल्प प्रतिवेदनले पेस गरेको छ ।

दोस्रो विकल्प उद्योग सञ्चालन गर्न ठूलो पूँजी आवश्यक पर्ने, प्लान्ट मेसिनरी पुरानो भएका र प्रविधि समेत अप्रचलित भएकाले अहिलेको अवस्थामा पूरै उद्योगलाई मौद्रीकरण गर्न चुनौतिपूर्ण रहेको भन्दै उद्योगको नाममा रहेको तर प्रयोगमा नरहेको जग्गा तथा भवन भाडामा दिएर मौद्रीकरण गरी आम्दानी गर्न सकिने गरी सुझाइएको छ । उद्योगको सम्पत्ति आंशिक मौद्रीकरण र पुनर्संरचना गरी उद्योगलाई लगानी सहित सञ्चालन करारमा दिने गरी विकल्प सुझाइएको छ ।

तेस्रो विकल्पका रूपमा उद्योग पुनर्संरचना गरी पुन: सञ्चालन गर्न वा लगानी सहित सञ्चालन करारमा दिने विकल्प लागु गर्न नसक्ने भए उद्योगको सम्पत्ति बेचबिखन गरी कम्पनी खारेज गर्न सुझाव दिइएको छ ।

सम्पत्ति बेचबिखन गर्ने विकल्पमा जाँदा उद्योगका भौतिक र बौद्धिक सबै सम्पत्ति बिक्री गरी दायित्व फरफारक गर्न र कम्पनी खारेज गर्न सुझाव दिइएको छ । उद्योगको डीडीएका आधारमा विद्यमान सम्पत्ति बिक्री गर्दा सम्पूर्ण दायित्व फरफारक हुने देखिएको छ । गोरखकाली टायर उद्योग गोरखा जिल्लाको तत्कालिन देउराली गाउँपालिका (हाल गोरखा नगर पालिका-१३ मजुवा, देउराली) मा छ । साल्ट ट्रेडिङ, नेपाल आयल निगम र एडीबीको लगानीमा स्थापना भएको यो उद्योगको आर्थिक वर्ष २०५५/५६ मा पुनर्संरचना हुँदा एडीबीको सेयर विनिवेश भई नेपाल सरकारले सेयरमा लगानी गरेको छ ।

हाल उद्योगमा अग्राधिकार सेयर सहित नेपाल सरकार सबैभन्दा ठूलो सेयरधनीका रूपमा छ भने साल्ट ट्रेडिङ, आयल निगम, नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक, राष्ट्रिय बीमा संस्थान लगायत सार्वजनिक संस्थासहित सर्वसाधारण जनताको सेयर लगानी छ । उद्योगमा नेपाल सरकार, नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकको ऋण लगानी छ ।

उद्योगको वार्षिक उत्पादन क्षमता ८० हजार ट्रक टायर र ४० हजार नन ट्रक टायर छ । उद्योगले २०४९ सालदेखि आफ्नो व्यावसायिक उत्पादन सुरु गरेको र प्रारम्भिक चरणदेखि नै स्वदेशी बजारको माग अनुसार टायर, ट्युब, फ्ल्याप र अन्य रबरजन्य सामग्री उत्पादन गर्दै आएको थियो । बजारमा टायर तथा ट्युबको पर्याप्त माग रहे पनि उद्योगले पूर्ण क्षमतामा कहिल्यै उत्पादन गर्न नसकेको देखिएको छ । सोहीकारण उद्योग स्थापनाकालदेखि नै सञ्चालन घाटामा गएको, उत्पादन लागत बढ्दै गएको र नगद प्रवाह पर्याप्त हुन नसकेको देखिन्छ । उत्पादन सुरु गरेको २३ वर्षपछि असार २०७२ देखि उद्योग पूर्णरूपमा बन्द छ ।

**अहिले टाट पल्टिएको अवस्थामा छ उद्योग**

गोरखकाली रबर उद्योगको डीडीएबाट उद्योग गम्भीर वित्तीय संकट र प्राविधिक रूपमा टाट पल्टिएको अवस्थामा रहेको निष्कर्ष निकालिएको छ । अध्ययन अनुसार उद्योगको खुद सम्पत्ति ४ अर्ब २१ करोडले ऋणात्मक छ । अचल सम्पत्तिको बजार मूल्यमा भएको उच्च वृद्धिले भने समायोजित मूल्यांकनमा केही सुधार भए पनि ऋण र ब्याज दायित्वका कारण समायोजित खुद दायित्व ५६ करोडले ऋणात्मक हुने अध्ययनको निष्कर्ष छ ।

प्रतिवेदन अनुसार अधिकांश भवनको संरचना बलियो पाइएको छ । केही भवनको भने प्रयोगशाला परीक्षण गर्नुपर्ने देखिएको छ । भवनहरू मर्मत र सबलीकरण गरी प्रयोगमा ल्याउन सकिने अवस्थामा छन् । हालको प्रचलित मूल्य अनुसार स्थिर सम्पत्तिको समायोजित मूल्य ३ अर्ब ७७ करोड हाराहारी हुने अनुमान छ । उद्योगमा रहेको चालु सम्पत्तिको अवस्था दयनीय छ । सोहीकारण यस्ता वस्तुको बिक्रीयोग्य मूल्य ४७ प्रतिशतले घटेको पाइएको छ ।

उद्योग परिसरमा २ हजार ५ सयभन्दा धेरै खयरका रुख रहेको र यसको बिक्रीबाट समेत उद्योगले ६२ करोड हाराहारी आम्दानी गर्न सक्ने अध्ययनबाट देखिएको छ । गोरखकाली रबर उद्योगको ब्रान्ड मूल्य पुनर्निर्माण वा प्रतिस्थापन लागत विधि र रोयल्टी छुट विधि अनुसार २२ करोड २६ लाख रहने गरी निर्धारण गरिएको समेत अध्ययन प्रतिवेदनमा उल्लेख छ । उद्योगको समायोजित कुल दायित्व ४ अर्ब ४३ करोड छ । यसको ठूलो हिस्सा नेपाल सरकार र बैंकहरूबाट लिएको देखिन्छ । जसमा ब्याजको सबैभन्दा ठूलो असर छ ।

**कर्मचारी दायित्व छैन, उत्पादन र बिक्री लागत शून्य**

यो उद्योग १० वर्षदेखि सञ्चालनमा छैन । सोहीकारण उत्पादन र बिक्री लागत शून्य छ । बिक्री आम्दानी पनि शून्य रहेको देखिएको छ । कर्मचारीलाई अनिवार्य अवकाश दिइएको र उद्योग बन्द रहेकाले कर्मचारी खर्च छैन । उद्योगको सुरक्षाका लागि करारमा राखिएका कर्मचारीको तलबभत्ता र सानातिना कार्यालय खर्च प्रशासनिक खर्चका रूपमा छन् । ती खर्च मुद्दती निक्षेपमा प्राप्त हुने ब्याज आम्दानीबाट बेहोर्ने गरिए पनि पर्याप्त नरहेको देखिन्छ ।

उद्योगले बैंक तथा वित्तीय संस्था र नेपाल सरकारबाट प्राप्त गरेको दीर्घकालीन तथा अल्पकालीन ऋणमा ठूलो ब्याज रकम खर्च जोडिने गरेको छ । जुन नाफा नोक्सानी खातामा खर्च लेख्ने गरिएको अध्ययनले देखाएको छ । स्थिर सम्पत्तिमा ठूलो हिस्सा भवन, प्लान्ट तथा मेसिनरी र जग्गाको छ । उपकरण, सवारीसाधन र फर्निचरको किताबी मूल्य न्यून छ । प्लान्ट तथा मेसिनरी अप्रचलित हुँदै गएका पुरानो प्रविधिका छन् । यस्ता प्लान्ट र मेसिनरी सञ्चालन र मर्मतसम्भार लागत बढी हुने देखिएको छ ।

अध्ययन अनुसार १० वर्ष पहिले उत्पादित तयारी माल गोदाममा अझै थन्किएर रहेको पाइएको छ । जिन्सी मौज्दात (अर्धतयारी, कच्चापदार्थ र स्पेयर पार्ट्स) उल्लेख्य रहेको देखिन्छ । १० वर्षदेखि स्टोरमा अव्यवस्थित तरिकाले रहेकाले यसको उचित व्यापारिक मूल्य न्यून देखिन्छ । उद्योगमा नेपाल सरकारको साधारण सेयरमा प्रत्यक्ष ३८.६३ प्रतिशत स्वामित्व छ । सरकारको पूर्ण स्वामित्वमा रहेका संस्थासमेत गरेर अप्रत्यक्ष सहित ५१.८८ प्रतिशतको सहज बहुमत सेयर सरकारसँग छ । सरकारको आंशिक स्वामित्वमा रहेका संस्थाको साधारण सेयर २६.६९ प्रतिशत र सर्वसाधारण सेयरधनीको २१.४३ प्रतिशत स्वामित्व छ । अग्राधिकार सेयरमा भने नेपाल सरकारको मात्र लगानी छ ।

**के छ बजार सम्भावना ?**

प्रतिवेदन अनुसार उद्योगका लागि पर्याप्त बजार नेपालमै हुने देखिएको छ । सवारीसाधनमा भइरहेको उच्च वृद्धि, निर्माण कार्य विस्तार र कृषि आधुनिकीकरण र यान्त्रिकरणका कारण स्वदेशमा नै टायरको ठूलो बजार सम्भावना रहेको निष्कर्ष अध्ययनको छ । भारत, चीन, पाकिस्तान, बंगलादेश, श्रीलंका लगायत छिमेकी देशमा समेत निर्यात सम्भावना देखिएको छ । अहिले बजारमा ञ्याडियल प्रविधिबाट उत्पादित टायरको माग उच्च छ । गोरखकाली उद्योगले उत्पादन गर्ने टायर 'बीआईएएस' प्रविधिमा आधारित छ । बजार परिदृश्य विश्लेषण गर्दा उद्योगले अब आधुनिक प्रविधि भित्र्याउनुपर्ने देखिन्छ ।

**कच्चा पदार्थको सम्भावना कति ?**

अध्ययनमा कच्चा पदार्थको अवस्थाबारे समेत उल्लेख छ । टायर उत्पादनको मुख्य कच्चापदार्थ प्राकृतिक रबर हो । नेपालमा कच्चा रबरको वार्षिक उत्पादन हाल करिब १ हजार २ सय टन छ । यसले बजारको करिब १० प्रतिशत मागमात्र धान्छ । नेपालको बजारमा कच्चा रबरको वार्षिक माग १० हजार टनभन्दा बढी रहेको अनुमान छ । उद्योगलाई पूर्ण क्षमतामा सञ्चालन गर्न हजारौं टन कच्चा रबर आवश्यक पर्छ । तत्कालका लागि यो माग आयातबाट पूर्ति गर्नुपर्ने देखिएको छ ।

तर, नेपालमा रबर खेतीको उच्च सम्भावना भने छ । झापाका मेचीनगर, बिर्तामोड, भद्रपुर, अर्जुनधारा, कन्काई र दमक नगरपालिका तथा बुद्धशान्ति, कचनकवल र बाह्रदशी गाउँपालिकामा पाँच वर्षभित्र १५ हजार बिघाभन्दा बढी जग्गामा रबर खेती गर्न सम्भव देखिएको छ । तराई र मध्य पहाडी क्षेत्रका जिल्लामा रहेका बाँझो, नदी किनार र वन क्षेत्रका खाली रहेका जग्गामा १० वर्षभित्र ८० हजार देखि १ लाख २० हजार बिघाभन्दा बढी जग्गामा रबर खेती गर्न सम्भव रहेको विभिन्न अध्ययन प्रतिवेदन उद्धृत गर्दै प्रतिवेदनमा समेत राखिएको छ ।

नेपालमा हाल करिब ६० लाख सवारीसाधन दर्ता छन् । जसमध्ये चारपाङ्गे सवारीसाधन करिब १२ लाख छ । समग्र सवारी साधनको वार्षिक औसत वृद्धि करिब १५ प्रतिशत छ । आव २०८१/८२ मा बस, ट्रक र अन्य चारपाङ्गे सवारी साधनका करिब ९ लाख टायर आयात भएका छन् । संख्याका आधारमा नेपालको टायर बजार वार्षिक करिब ८ प्रतिशत र मूल्यका आधारमा १० प्रतिशतले औसत वृद्धि हुने प्रक्षेपण छ । यो तथ्यांकले नेपालमा टायरको बजार सम्भावना उच्च रहेको समेत अध्ययनको निष्कर्ष छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'लालीबजार'मा स्वस्तिमाको जोडी बनेका विशाल को हुन् ?



काठमाडौं/पछिल्लो समय रंगमञ्च पृष्ठभूमिका कलाकारहरूको फिल्ममा आगमन उल्लेख्य रूपमा बढेको छ । यसै क्रममा नयाँ फिल्म 'लालीबजार'मार्फत अर्का रंगकर्मीको उदय भएको छ । उनी हुन्, विशाल देवकोटा ।

रंगमञ्चमा कलाकारसँगै निर्देशकको रूपमा चिनिएका उनको यो पहिलो फिल्म हो । यसमा उनले अभिनेत्री स्वस्तिमा खड्काको जोडी भएर काम गरेका छन् ।

उनी 'लालीबजार'मा अडिसनमार्फत छनोट भएका थिए । यस वर्ष कान्तिपुर थिएटरमा मञ्चन भएको 'मीरा' नाटकमा अभिनय गर्ने क्रममा उनीमाथि फिल्मका निर्माताको नजर परेको थियो । त्यसपछि अडिसनका विभिन्न चरण पार गर्दै उनी फिल्ममा छनोट भएका हुन् । रंगमञ्चको अनुभवले आफूलाई फिल्ममा प्रवेश गर्ने ढोका खोलेको उनी बताउँछन् ।

विशाल भन्छन्, 'मैले पछिल्लो पटक कान्तिपुर थिएटरमा नाटक 'मीरा'मा काम गरेको थियो । त्यो हेर्न प्रदीप भट्टराईसहितको टिम आउनुभएको थियो । उहाँहरूले नाटक हेरिसकेपछि मलाई अफिस बोलाउनुभयो । त्यसपछि अडिसनको सिलसिला सुरु भएको थियो । अन्तत: फिल्ममा छनोट पनि भएँ ।' फिल्ममा अभिनय गर्ने सानैदेखिको इच्छा पूरा भएकोमा उनी खुसी देखिन्छन् ।

लामो समय रंगमञ्चमा बिताएका विशाल नाटक र फिल्म अभिनयबीच ठूलो भिन्नता देख्छन् । भन्छन्, 'दुवै माध्यममा अभिनयको स्वरूप फरक हुने रहेछ । रंगमञ्चमा एकै पटकमा पात्रलाई पूर्ण रूपमा जिउन पाइन्छ । फिल्ममा भने दृश्य-दृश्यमा टुक्रिएर अभिनय गर्नुपर्ने हुन्छ । यद्यपि, नाटकमा अभिनयको अनुभवले फिल्ममा काम गर्न मलाई धेरै सहयोग मिल्यो ।'

उनी 'लालीबजार'को कथावस्तु समाजको यथार्थसँग जोडिएको दाबी गर्छन् । 'यो हाम्रो समाजकै यथार्थमा आधारित कथा हो, जसले एउटा परिवेश र त्यहाँको माहोललाई प्रस्तुत गर्छ,' उनी अगाडि भन्छन्, 'यो पारिवारिक रूपमा हेर्न मिल्ने, रमाइलो र नयाँ कथामा आधारित फिल्म हो ।' फिल्ममा उनले हुलाकीको भूमिकामा अभिनय गरेका छन् ।

यम थापाको निर्देशनमा बनेको यस फिल्ममा विशाल र स्वस्तिमासहित रवीन्द्रसिंह बानियाँ, समाइरा थापा, मुकुन्दकुमार श्रेष्ठ, अभय बराल, प्रेम पाण्डे, आशा पौडेल, गोविन्द सुनार, आभा अर्याल, तारा शर्मा, रमेश वादी, सरस्वती अधिकारी, जानकी कठायत, निश्चल पन्थी, विरवल चौधरी लगायतको अभिनय रहेको छ । यो फिल्म आगामी बैशाख १८ गतेबाट प्रदर्शनमा आउँदैछ ।

# 'राम नाम सत्य'मा दिव्या आधुनिक राजकुमारी



काठमाडौं/अभिनेत्री दिव्या रायमाझीको यस वर्षका लागि पहिलो र अन्तिम फिल्मको रूपमा 'राम नाम सत्य' नयाँ वर्षको छेको पारेर चैत २७ गतेबाट प्रदर्शनमा आउँदैछ । अभिनयको हिसाबले यो उनको तेस्रो फिल्म हो । उनका अघिल्ला दुई फिल्म 'एक्टर : टेक वान' र 'पिताम्बर'ले अपेक्षित व्यापार गर्न नसकेका कारण उनलाई यो फिल्म व्यावसायिक रूपमा सफल हुनैपर्ने दबाब छ ।

फिल्मको प्रदर्शन मिति नजिकिँदै गर्दा दिव्या निकै उत्साहित देखिएकी छन् । यसमा आफूले काम देखाउन पाएको उनको भनाइ छ । फिल्ममा आधुनिक राजकुमारीको भूमिकामा अभिनय गरेको खुलासा गर्दै उनले भनेकी छन्, 'यसअघिका फिल्ममा भन्दा यसमा म भिन्न तरिकाले आएको छु । काम पनि धेरै देखाउन पाएको छु । दर्शकलाई फिल्म र मेरो काम मनपर्छ भन्ने विश्वास छ ।'

उनले 'राम नाम सत्य' एकदमै राम्रो बनेको दाबी समेत गरेकी छन् । 'म आफैंले अभिनय गरेका कारण फिल्म राम्रो छ भनेको होइन । फिल्म साँचिक्कै राम्रो बनेको छ,' उनी अगाडि भन्छिन्, 'फिल्ममा एक्सन भरपुर छ । तर, यो एक्सन फिल्म मात्र होइन । यसमा इमोसन छ, सस्पेन्स छ, प्रेम छ । सबै कुरा मिलेर एउटा उत्कृष्ट फिल्म बनेको छ ।'

यो फिल्ममा दिव्याको जोडी सुशील श्रेष्ठसँग बाँधिएको छ । सुशीलसँग काम गर्न एकदमै सजिलो भएको उनको अनुभव छ । विराज भट्टसँग पनि फिल्ममा काम गर्न पाउँदा धेरै कुरा सिक्न पाएको उनी बताउँछिन् । भन्छिन्, 'एक हिसाबले मेरो लागि यो फिल्म पाठशाला जस्तै रह्यो । अग्रज कलाकारहरूसँग काम गर्न पाउँदा नजानेका धेरै कुरा सिक्न, बुझ्न र अनुभव गर्न पाएँ ।'

कोरियोग्राफरको रूपमा परिचित माइकल चन्दको निर्देशनमा बनेको यस फिल्ममा दिव्यासहित विराज भट्ट, सुशील श्रेष्ठ, सुपुष्पा भट्ट, दिव्या रायमाझी, आयुष सिंह ठकुरी, खुशी कार्की, सुनिल थापा, प्रशान्त ताम्राकार, दिनेश डीसी लगायतका कलाकारहरूको अभिनय रहेको छ । फिल्ममा समावेश 'धागोले बाटेको' र 'हुम्लाको लिमी' गीत यतिबेला चर्चामा छन् ।

# सेयर बजार किन लाग्दै छ निरन्तर ओरालो ?



काठमाडौं/बालेन्द्र साह नेतृत्वमा गत शुक्रबार करिब दुई तिहाइ बहुमतको सरकार बनेपछि लगानीकर्ता उत्साहित बनेका थिए भने आइतबारदेखि सेयर बजारमा थप उत्साह आउने अपेक्षा पनि गरेका थिए ।

तर, सरकार बनेलगत्तै पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरिएपछि एमालेले सडक आन्दोलन सुरु गऱ्यो । जसबाट मुठभेड हुने डरले सेयर बजारमा उल्टो प्रभाव पऱ्यो । आइतबार र सोमबार बजार उच्च अंकले घट्न पुग्यो । मंगलबार सामान्य बढेको सेयर बजारमा बुधबार झन् ठूलो पहिरो गयो ।

एकातिर राजनीतिक मुठभेडको डर छँदै थियो, त्यसमाथि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले थुप्रै व्यवसायीमाथि छानबिन तयारी गरेको भन्ने हल्ला फैलिएपछि त्यसले सेयर बजारलाई पनि तरंगित बनाइदियो ।

सरकारले सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दामा पूर्वमन्त्री तथा व्यवसायी दीपक खड्कालाई पक्राउ गरिसकेको छ । मंगलबार मात्रै अर्का एक व्यवसायी दीपक भट्टलाई अध्यागमन विभागले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको पत्रपछि कालोसूचीमा राखेको समाचार बाहिरिएको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धानमा अन्य व्यवसायी पनि तानिने हुन् कि भन्ने शंकाबीच लगानीकर्ताहरू आत्तिँदा बजार घटेको हुन सक्ने सरोकारवाला बताउँछन् ।

बजार अहिले उच्च दरले घट्नुका पछाडि सम्पत्ति शुद्धीकरणको अनावश्यक त्रास रहेको स्टक ब्रोकर एसोसिएसन अफ नेपालका पूर्वअध्यक्ष नरेन्द्र सिजापति बताउँछन् । त्यसले बजारलाई अनावश्यक झारेको उनको भनाइ छ । सेयर बजार पूर्णत: बैंकिङ प्रणालीबाट कारोबार हुने पारदर्शी बजार हो । त्यसो हुँदा कसैले पनि आज सेयर बिक्री गरी त्यहाँबाट आएको रकम लुकाउन सक्ने सम्भावना नै हुँदैन ।

त्यतिमात्र होइन, सेयर बजारजस्तो पारदर्शी बजारमा सम्पत्ति शुद्धीकरण गर्छु भनेर कसैले पनि लगानी नगर्ने अर्का एक ब्रोकर बताउँछन् । त्यसैले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अनुसन्धान थालेकै आधारमा ठूला लगानीकर्ताले हतारमा सेयर नबेच्ने अर्का एक ब्रोकरले नाम उल्लेख नगर्ने सर्तमा बताए । नेपाल इन्भेस्टर्स फोरम अध्यक्ष तुलसीराम ढकाल सम्पत्ति शुद्धीकरण विभागसँग लगानीकर्ताहरू आत्तिनुपर्ने कुनै कारण नरहेको बताउँछन् ।

'यो सरकारले निजी क्षेत्रमैत्री केही निर्णय गरिसकेको छ, सुशासन कायम गर्नुपर्ने एउटा क्षेत्र पूँजीबजारको विषय पनि प्राथमिकतामा पर्छन् नै,' उनले भने, 'त्यसकारण अहिले अनावश्यक डरको हौवा फैलिएको हो ।' पूँजीबजारमा हुने सबै कारोबार बैंकिङ प्रणाली मार्फत नै हुने गरेकाले बजारमा अवैध रकम भित्रिएको बुझाइ गलत रहेको उनी दाबी गर्छन् ।

'ब्रोकर कम्पनीले सेयर किनबेच गर्दा नगद रकम लिँदैनन् र दिँदैनन् पनि, त्यसैले अवैध रकम सेयर बजारमै भएजस्तो गलत भाष्य बनाउनु जरुरी छैन,' उनले भने ।

यतिबेला सरकारका नीति पूँजीबजारमैत्री भएको, अन्य क्षेत्रमा लगानीको अवसर नै नभएको, बैंक ब्याजदर न्यून बिन्दुमा रहेकाले पूँजीबजार एकमात्र विकल्प भएको उनले बताए । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले कुनै निश्चित व्यवसायीका बारेमा अनुसन्धान सुरु गरेकै आधारमा लगानीकर्ता आत्तिनु आवश्यक नभएको स्टक ब्रोकर संघ पूर्वअध्यक्ष सिजापति पनि बताउँछन् ।

'सम्पत्ति शुद्धीकरण नियन्त्रण गर्ने राज्यको कर्तव्य हो, कतिपय व्यवसायीले अवैध आम्दानी बजारमा लगाएका हुन पनि सक्छन्,' उनले भने, 'यसले छोटो समयमा नकारात्मक असर पारे पनि अन्तत: बजारलाई दिगो र सुरक्षित बनाउँछ ।' पूँजीबजारका लागि अनुकूल नीति धमाधम बनिरहेका छन् । हालै नेपाल स्टक एक्स्चेन्ज (नेप्से) ले मार्जिन कारोबार कार्यविधि तयार गरेको छ । मार्जिन कारोबारका लागि योग्य कम्पनीको सूची सार्वजनिक गरेको छ ।

ब्रोकर कम्पनीहरूले वैशाखदेखि मार्जिन लेन्डिङको सुविधा दिनेछन् । यी व्यवस्थाले बजारलाई दिगो रूपमा गति दिने लगानीकर्ताको बुझाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'एक मुट्ठी बादल'को 'रेल घुम्यो घुम्तीमा' गीतमा छमछमी नाचिन् आँचल

काठमाडौं/आगामी जेठ १ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'एक मुट्ठी बादल'को पहिलो गीत 'रेल घुम्यो घुम्तीमा' सार्वजनिक गरिएको छ । मीना पोखरेल र इन्द्रकला राईको स्वर रहेको गीतमा संगीत सुमित पाठकको छ भने शब्द हर्क साउदले लेखेका हुन् । गीतले एउटै घरमा बस्ने तीन पुस्ताका महिलाको बेदना, भोगाइ र अनुभूतिलाई प्रस्तुत गरेको छ ।

फिल्मको प्रचारका लागि तयार पारिएको गीतको भिडियोमा आँचल शर्मा, निशा शर्मा, उषा रजक, सहयोग अधिकारी लगायतका कलाकारहरूलाई देख्न सकिन्छ । आँचल र उषाले आकर्षक नृत्य प्रस्तुत गरेका छन् । आँचल र सहयोगबीच प्रेम सम्बन्ध रहेको देखाइएको भिडियोमा उनीहरूको विवाहअघिको पारिवारिक जमघट र रमाइलो माहोललाई प्रस्तुत गरिएको छ ।

निर्देशक सहारा शर्माका अनुसार गीतमा अभिव्यक्त आवाज नै फिल्मको मुख्य सार हो । फिल्मको भाव समेट्न गीतकार हर्क साउदसँग विभिन्न चरणमा काम गरेको स्मरण गर्दै उनले गीतमा हजुरआमादेखि नातिनीसम्मको भावना समेटिएको बताएकी छन् । फिल्मले समेटेका धेरै विषयमध्ये एउटा विषय गीतमा बुनिएको उनको भनाइ छ ।

निर्देशक शर्मा स्वयंको लेखन रहेको यस फिल्ममा आँचल शर्मा, निशा शर्मा, उषा रजक, भिमा मैनाली, अस्मिता गौतम, शेखर चापागाईं, मनिष निरौला, सहयोग अधिकारी, अविरलप्रताप अधिकारी लगायतका कलाकारहरूले अभिनय गरेका छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

राष्ट्रिय आर्थिक गणना २०८२ सञ्चालनका सम्बन्धमा छलफल

# मकवानपुरमा ९ जना सुपरभाइजरसहित ५९ गणक खटिने

साझाकुरा संवाददाता



हेटौंडा, १८ चैत/ राष्ट्रिय आर्थिक गणना २०८२ सञ्चालनका सम्बन्धमा सरोकारवाला निकायबीच अन्तरक्रिया तथा छलफल गरिएको छ ।

जिल्ला समन्वय समिति मकवानपुरको सभाहलमा बुधबार आयोजित कार्यक्रममा आर्थिक गणना समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीको अध्यक्षता एवम् मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाटको प्रमुखअतिथ्यता रहेको थियो । आगामी वैशाख २ गतेदेखि असार ७ गतेसम्म सञ्चालन हुने आर्थिक गणनाका लागि मकवानपुरमा कुल ६८ जना जनशक्ति परिचालन गरिने भएको छ । आर्थिक गणना कार्यालयका रुद्र बोगटीका अनुसार ९ जना सुपरभाइजरसहित ५९ जना गणक खटिनेछन् ।

कार्यक्रममा उनले आर्थिक गणनाको आवश्यकता, उद्देश्य तथा समेटिने क्षेत्रबारे प्रस्तुतीकरण दिए । स्थानीय तहअनुसार हेटौंडा उपमहानगरमा सबैभन्दा बढी ३२ गणक परिचालन गरिनेछ । नेपालमा वि.सं २०७५ मा पहिलोपटक सुरु गरिएको आर्थिक गणना यसवर्ष दोस्रोपटक हुन लागेको हो । कार्यक्रममा प्रजिअ अधिकारीले संकलित तथ्यांक पूर्ण रुपमा गोप्य राखिने र कुनैपनि व्यक्तिको विवरण प्रमाणकारुपमा प्रयोग गर्न नपाइने कानुनी व्यवस्था रहेको जानकारी दिँदै निर्धक्करुपमा सही विवरण उपलब्ध गराउन आग्रह गरेका छन् ।

राष्ट्रिय आर्थिक गणनाले देशको वास्तविक आर्थिक अवस्था, उद्योग व्यवसायको स्थिति, लगानीको प्रवृत्ति तथा रोजगारीको यथार्थ तथ्यांक उपलब्ध गराउने विश्वास व्यक्त गरिएको छ । यसले नीति निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । नाङ्लोमा पसल राख्ने साना व्यवसायदेखि ठूला उद्योग प्रतिष्ठानसम्म सबै प्रकारका औपचारिक तथा अनौपचारिक आर्थिक गतिविधि गणनामा समेटिनेछन् । दर्ता भएका वा नभएका, आर्थिक कारोबार गर्ने सबै प्रकारका व्यवसायको विवरण संकलन गरिने जनाइएको छ ।

आर्थिक गणनाको मुख्य उद्देश्य देशभर सञ्चालनमा रहेका आर्थिक गतिविधिको आधारभूत विवरण संकलन, प्रशोधन, विश्लेषण तथा प्रकाशन गर्नुका साथै कुलगार्हस्थ उत्पादन तथा राष्ट्रिय लेखाप्रणालीलाई सुदृढ बनाउन आवश्यक तथ्यांक उत्पादन गर्नु रहेको छ । यसअघि वि.सं २०७५ मा गरिएको गणना अनुसार मकवानपुरमा १६ हजार प्रतिष्ठान तथा व्यवसाय दर्ता भएका थिए, जसमा ४६ हजार ५८२ जनशक्ति कार्यरत थिए । तीमध्ये ७ हजार ५९६ मात्रै औपचारिकरुपमा दर्ता भएको पाइएको थियो । अन्तरक्रियामा सहभागीले राष्ट्रिय आर्थिक गणना २०८२ सफल बनाउन सबै क्षेत्रबीच सहकार्य आवश्यक रहेकोमा जोड दिएका थिए ।

विभिन्न १८ वटा समूहका आर्थिक एकाइ एकैपटक समेटिने गरी गणना गरिने जनाइएको छ । सरकारले २०७५ सालमा पहिलो राष्ट्रिय आर्थिक गणना सम्पन्न गरेको थियो । तथ्यांकमा देशैभर नौ लाख २३ हजार ३५६ प्रतिष्ठान/व्यवसाय गणना गरिएका र ती प्रतिष्ठानमा जम्मा ३२ लाख २८ हजार ४५७ मानिस संलग्न रहेका पाइएको थियो । प्रतिष्ठान/व्यवसायमा करिब ३० प्रतिशत महिला व्यवस्थापक रहेका विवरण सार्वजनिक भएका थिए भने गणनाले औपचारिक र अनौपचारिक प्रतिष्ठानको संख्या बराबरी जस्तो रहेको देखाएको थियो ।

देशको अर्थतन्त्रको आकार तयगर्ने प्रयोजनका लागि समग्र आर्थिक क्रियाकलापलाई अन्तर्राष्ट्रिय औद्योगिक वर्गीकरण अनुसार २१ भागमा विभाजन गरी ती क्षेत्रले अर्थतन्त्रमा पुऱ्याएको योगदान मापन हुँदै आएको छ । राष्ट्रिय आर्थिक गणनामा ती २१ वटा वर्गीकरणमध्ये विभिन्न १८ वटा क्षेत्रको आधारभूत विवरण संकलन गरिनेछ । गणनामा देशैभर रहेका दर्ता भएका/नभएका ठूला वा साना व्यापार/प्रतिष्ठान, रोजगारीका हिसाबले धेरै रोजगारी दिएका वा स्वरोजगार मात्रै भएका, उद्योग, कलकारखाना, व्यापार व्यवसाय, गैर सरकारी सैसंस्था, सरकारी संस्थान, सरकारी वा निजी विद्यालय, अस्पताल आदि आर्थिक क्रियाकलाप गरिरहेका एकाइमा गणना सञ्चालन गरिनेछ ।

यद्यपि अन्तर्राष्ट्रिय संघ संस्था, कूटनीतिक नियोग, प्रशासनिक क्रियाकलाप र नियमनकारी कार्य गर्ने सरकारी कार्यालय, सुरक्षा निकाय, सामान्य घरायसी क्रियाकलाप गरिने कार्य र क्षेत्र भने यो गणनामा समेटिने छैन ।

# उपभोक्ता ठग्नेलाई कारबाही गरिने वाणिज्यको चेतावनी




साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/ वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बजारमा हुने अवाञ्छित व्यापारिक क्रियाकलाप रोक्न र उपभोक्ताको मौलिकहक सुनिश्चित गर्न कडा निर्देशन जारी गरेको छ ।

विभागले सूचना सार्वजनिक गर्दै वस्तुको मूल्य, गुणस्तर र पारदर्शिताका सम्बन्धमा रहेका कानुनी प्रावधानको कडाइका साथ पालना गर्न सरोकारवालालाई सचेत गराएको हो । नेपालको संविधानको धारा ४४ ले प्रत्याभूत गरेको उपभोक्ताको मौलिकहकलाई मध्यनजर गर्दै विभागले उपभोक्ता संरक्षण ऐन, २०७५ को पूर्ण कार्यान्वयनमा जोड दिएको छ । सूचनामा उल्लेख भएअनुसार, अब बजारमा बिक्री गरिने जुनसुकै वस्तुको अधिकतम खुद्रा बिक्री मूल्य तोक्दा सबै प्रकारका कर समावेश गरिएको हुनुपर्ने अनिवार्य व्यवस्था छ ।

विभागले वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट लुकाएर, ढाँटेर वा झुक्याएर बिक्री गर्न नपाइने स्पष्ट पारेको छ । यसैगरी, उपभोक्तालाई भ्रममा पार्ने गरी झुटो वा भ्रमपूर्ण विज्ञापन गर्न र कमसल, न्यूनस्तरको वा नक्कली वस्तुको बिक्री वितरण गर्न पनि पूर्णत: प्रतिबन्ध लगाइएको छ । ऐनको दफा ११ र १२ बमोजिम जुनसुकै वस्तु वा सेवाको बिक्री गरेपछि बिक्रेता वा सेवाप्रदायकले अनिवार्यरुपमा बिल वा रसिद उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ ।

विभागले वस्तु वा सेवाउत्पादन गर्नेदेखि पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता र बिक्रेता सबैलाई आफूले खरिद गरेका वस्तुको बिल वा बीजक कारोबारस्थलमै अनिवार्यरुपमा राख्न निर्देशन दिएको छ । उपभोक्तालाई आफूले उपभोग गरेको वस्तु वा सेवाको बिल अनिवार्यरुपमा लिन आग्रह गरिएको छ । विभागले सूचनाको बेवास्ता गरी वा अटेर गरी अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलापमा संलग्न भएको पाइएमा प्रचलित कानुनबमोजिम कडा कारबाही गरिने चेतावनी दिएको छ । बजारलाई सहज, पारदर्शी र न्यायोचित बनाउन सबै पक्षलाई जिम्मेवार बन्न विभागले आह्वान गरेको छ ।

## हेटौँडा-९ मा मोटरसाइकल ठक्करपछि ट्रकमा ठोक्किँदा एक छात्राको मृत्यु



साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/हेटौंडा उपमहानगरपालिका वडा नं. ९ गुम्बाचोकस्थित पूर्वपश्चिम सडक खण्डमा सवारी दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा हेटौंडा स्कुल अफ म्यानेजमेन्टमा अध्ययनरत् हेटौंडा-९ एचआइडीकी २० वर्षीया एकता वैद्य रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । हेटौंडाबाट रातोमाटेतर्फ जाँदै गरेको प्रदेश ३-०२-००७ प ७६८३ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट हेटौंडा बजारतर्फ आउँदै गरेको ना ४४ प ९३५४ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किर दुर्घटना हुँदा सडकमै गुडिरहेको ना ६ ख ३१४५ नम्बरको सिमेन्ट बोकेको ट्रकमा ठोक्किन पुग्दा वैद्यको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवम् प्रहरी नायवउपरीक्षक पुष्कर बोगटीले जानकारी दिएका छन् ।

त्यसैगरी हेटौंडा-४ कर्राका १९ वर्षीय रोनिक कार्की र चितवन इच्छाकामना गाउँपालिका-५ बदेलटारका २१ वर्षीय पुष्पालाल गुरुङ घाइते भएका छन् । दुर्घटनामा संलग्न दुबै मोटरसाइकल, ट्रक तथा ट्रकचालक बाँके कोहलपुर नगरपालिका-१४ का करिब ३३ वर्षीय बद्री गडरिया जिल्ला प्रहरी कार्यालय मकवानपुरको नियन्त्रणमा रहेका छन् । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# हेटौंडा सिमेन्टमा आगो बाल्ने भट्टीको मर्मत गरेर पुन: उत्पादन सुरु

साझाकुरा संवाददाता




हेटौंडा, १८ चैत/ हेटौंडा सिमेन्ट उद्योगको आगो बाल्ने भट्टीको उपकरण बिग्रिएपछि उत्पादन रोकिएकोमा उपकरणको मर्मत गरी सिमेन्ट पुन: उत्पादन सुरु गरिएको उद्योग व्यवस्थापनले जनाएको छ ।

उद्योग व्यवस्थापनले गत चैत १४ गते करिब सात महिनापछि सिमेन्ट उत्पादन सुरु गरेको थियो । त्यसको भोलिपल्ट चैत १५ गते अपराह्न आगो बाल्ने भट्टी (कोलमिल) को केही उपकरण बिग्रिएपछि भट्टी बन्द गर्नुपरेको थियो ।

उद्योगको कोलमिलमा गएराति कोइला ढुवानी गरी आगो बालिएको थियो । सिमेन्टको धुलो उत्पादन गर्ने क्लिंकर उत्पादन कार्य सुरु गरिएको जनाइएको छ । उद्योगमा सिमेन्ट उत्पादन नियमित गर्न आगामी दुई महिनासम्म पुग्ने कोइला जगेडामा राखिएको छ ।

बाँकी आवश्यक कोइला खरिदका लागि बोलपत्र आह्वान गरिसकेको हेटौंडा सिमेन्ट उद्योग प्रशासन महाशाखाका सहायक प्रबन्धक विकास श्रेष्ठले जानकारी दिए । उनकाअनुसार आवश्यक कच्चापदार्थ कोइला खरिद गर्न आर्थिक अभावका कारण पटकपटक उत्पादनमा अवरोध आएको हो । उद्योगको साविक उत्पादन क्षमता दैनिक १८ हजार बोरा रहेको भएपनि उपकरण जीर्ण हुँदा हाल दैनिक ११ हजार बोरा मात्रै उत्पादन भइरहेको उनले बताए । विसं २०३३ मा हेटौंडाको लामसुरेमा तत्कालीन श्री ५ को सरकारले हेटौंडा सिमेन्ट उद्योग स्थापना गरेको थियो ।

वि.सं २०४३ मङ्सिर २६ गते तत्कालीन राजा वीरेन्द्रवीर विक्रम शाहले उद्योगबाट उत्पादित सिमेन्टको व्यावसायिक शुभारम्भ गरेका थिए । तत्कालीन सरकारले उद्योग निर्माणमा करिब एक अर्ब ३८ करोड ९० लाख रुपैयाँ लागत लगाएको थियो । उद्योगबाट उत्पादित सिमेन्ट काठमाडौं, नेपालगञ्ज, पोखरा, हेटौंडा, वीरगञ्ज लगायत सहरमा बिक्रीवितरण हुँदै आएको छ ।

# राक्सिराङका आगलागीपीडितलाई घर बनाउँदै श्रमसंस्कृति पार्टी

साझाकुरा संवाददाता



हेटौंडा, १८ चैत/ मकवानपुरको राक्सिराङ गाउँपालिकामा आगलागीपीडित चेपाङ परिवारका लागि श्रम संस्कृति पार्टीले श्रमदानबाट घर निर्माणकार्य सुरु गरेको छ ।

राक्सिराङ-३, लावतीकी कान्छिमाया चेपाङको घरमा चैत ४ गते आगलागी हुँदा जलेर नष्ट भएको थियो । आगलागीलगत्तै चैत ५ गते पीडित परिवारको अवस्था बुझ्न पुगेको श्रमसंस्कृति पार्टीको टोलीले तत्कालका लागि १० हजार रुपैयाँ बराबरको खाद्यान्न सामग्री सहयोग गरेको पार्टीका मकवानपुर जिल्ला अध्यक्ष युनेश लामाले बताए । आइतबारदेखि स्थानीय र पार्टी कार्यकर्ताको सहयनेगमा घर निर्माणकार्य अगाडि बढाइएको छ । अध्यक्ष लामाकाअनुसार घर निर्माणका लागि आवश्यक भौतिक सामग्री सहयोगीहरुबाट स्वेच्छिक रुपमा संकलन गरिएको रकमबाट खरिद गरिनेछ भने अन्य जनशक्ति 'श्रमदान'मार्फत जुटाइनेछ ।

श्रमसंस्कृति पार्टीको मर्मअनुसार श्रमदानबाट घर बनाउन सुरु गरिएको र यो कार्यमा स्थानीयले पनि सहयोग गरिरहेको अध्यक्ष लामाले जानकारी दिएका छन् । दुई कोठाको जस्ताको छानो भएको पक्की घर निर्माणका लागि कुल २ लाख ५० हजार रुपैयाँ लागत अनुमान गरिएको छ ।

निर्माण कार्यलाई तीव्रता दिएर यसै महिनाको अन्त्यसम्ममा सम्पन्न गर्ने र नयाँवर्ष २०८३ अघि नै पीडित परिवारलाई घर हस्तान्तरण गर्ने लक्ष्य रहेको अध्यक्ष लामाले बताए ।

## चैत २२ देखि मतदाता नामावली संकलन तथा अद्यावधिक हुने




साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/ निर्वाचन आयोगले यही चैत २२ गतेदेखि मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ घोषणा भएपछि आयोगले गत मङ्सिर ६ गतेदेखि यो कार्य स्थगन गरेको थियो । राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरेका नेपाली नागरिकले आफ्नो राष्ट्रिय परिचयपत्रको विवरणमार्फत् मतदाता नामावलीमा अनलाइन प्रणालीबाटै नाम दर्ता गर्नसक्ने व्यवस्था मिलाइएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए ।

राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध नभएका नेपाली नागरिकको हकमा आयोगको आयोगको प्रणाली मार्फत् अनलाइन फारम भरी आफ्नो फोटो तथा औँठाछापसहितको जैविकविवरण दिन प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा उपस्थित हुनुपर्नेछ ।

मतदाता नामावलीमा रहेको त्रुटि सच्याउने, दोहोरो नाम हटाउने, मृत्यु तथा बसाइँसराइँको विवरण अद्यावधिक गर्नेलगायत कामसमेत अनलाइन माध्यमबाट गर्न सकिने आयोगद्वारा आज जारी विज्ञप्तिमा उल्लेख छ ।

"उद्यमशिलता र पारदर्शिता : सहकारीको प्राथमिकता"

६९ औं राष्ट्रिय सहकारी दिवस-२०८२

राष्ट्रिय सहकारी दिवसका कार्यक्रमहरु

| मिति | स्थान र समय | कार्यक्रम |
|---|---|---|
| २०८२/१२/१४ | सबै सहकारी संघ/संस्थाको कार्यालयमा | यस वर्षको नारा "उद्यमशिलता र पारदर्शिता : सहकारीको प्राथमिकता" उल्लेख गरि ब्यानर राख्ने |
| २०८२/१२/१८ | बुद्धचोक हेटौंडा १० बिहान ७:०० बजे | रक्तदान कार्यक्रम |
| २०८२/१२/१९ | हिमालयन दरवार हेटौंडा १, चौकीटोल बिहान ७:०० बजे | सहकारीको वर्तमान समस्या र समाधानका उपायहरु विषयक अन्तरक्रिया |
| २०८०/१२/२० | हुप्राचौरबाट सुरुभई हिमालयन दरवार हेटौंडा १, चौकीटोल बिहान ७:०० बजे | प्रभातफेरीसहितको सहकारी दिवस समारोह |
| २०८०/१२/२० | सबै संघ/संस्थाको कार्यालयमा साँझ ७:०० बजे | सहकारी, संघ/संस्थाको आयोजनामा दीप प्रज्वलन कार्यक्रम |

६९ औं राष्ट्रिय सहकारी दिवस २०८२
मूल समारोह समिति, मकवानपुर
बागमती प्रदेश, हेटौंडा

क्षयरोगबाट बचौं र बचाऔं ।

- खोक्दा र हाछ्यूँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा नि:शुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,
- क्षयरोग लागेको बिरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
- बिरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
- क्षयरोग लागेको बिरामीलाई पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिऔं,

*"क्षयरोग निको हुन्छ" भन्ने सन्देश फैलाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना